महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९
टेम्केमैयुङ गाउँपालिका
भोजपुर

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	(Independence)
निष्ठा	(Integrity)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)
व्यावसायिकता	(Professionalism)

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एंव नेपाल सरकारी लेखापरीक्षणमान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाहलगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमालगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदनउपर छलफल र बेरुजु फस्यौंटसम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजु उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफलसमेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

टंकमणि शर्मा, दंगाल

२०७९ आषाढ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

अनामनगर, काठमाडौं, नेपाल

Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, प्रदेश नम्बर १

पत्र संख्या: २०७८।७९
च.नं. ४८५ मिति: २०७९।३।२४

विषय: लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
टेम्केमैयुङ गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
भोजपुर ।

कैफियतसहितको राय

हामीले टेम्केमैयेङ गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाँउपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्णरुपमा प्रयोग नगरी वित्तीय विवरण तयार गरेको छ।
२. लेखापरीक्षणबाट रू २ करोड ४८ लाख ६७ हजार बेरुजु देखिएको छ। सोमध्ये प्राप्त प्रतिक्रियावाट रु १ करोड ३६ लाख ९५ हजार फछ्यौंट भई बाँकी बेरुजु रु १ करोड ११ लाख ७२ हजार कायम भएकोमा सोमध्ये असुल गर्नुपर्ने रू ३ लाख, प्रमाण कागजात पेस गर्नुपर्ने रू ५० लाख ७८ हजार, नियमित गर्नुपर्ने रू २७ लाख १० हजार र पेश्की रू.३०लाख ८३ हजार रहेको छ ।गाउँपालिकाको गत वर्ष. १ करोड २५ लाख ६६ हजार बेरुजु बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्यौंट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु २ करोड २७ लाख ५८ हजार रहेको छ । गाउँपालिकाको **बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थिति यसैसाथ संलग्न छ ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेकोलगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाँउपालिकाको पेश्कीबाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरणउपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनबमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्तीसमेतका कारण सारभूतरूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(पद्मप्रसाद आचार्य)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

टेम्केमैयुङ गाउँपालिका

बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
२०७७।७८

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजु			बेरुजु						
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
७२	४१	२४८६७	०	१६	१३६९५	७२	२५	११११७२	३००	२७१०	५०७९	०	०	७७८९	३०८३

अद्यावधिक बेरुजु स्थिति
२०७७।७८

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्र्यौट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
टेम्केमैयुङ गाउपालिका भोजपुर	१२५६६	०	९८०	११५८६	०	१११७२	२२७५८

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : ट्याम्केमैयुङ गाउँपालिका, भोजपुर , ट्याम्केमैयुम गाउँपालिका , भोजपुर

पद	**नाम**	**कार्यकाल सुरु मिति**	**कार्यकाल समाप्त मिति**
कार्यालय प्रमुख	Ranajit Angbuhang Limbu	२०७७-४-१	हाल सम्म कार्यरत
लेखा प्रमुख	Arjun Jung Basnet	२०७७-४-१	
		बेरुजु रकम	११,१७१,६३८

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		४,६३,६१,५०५	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	३५,२४,३८,९५४	चालु खर्च	२२,९५,९५,५२९
प्रदेश सरकारबाट अनुदान	२,९६,१८,६६२	पूँजीगत खर्च	१६,७०,७१,४४८
राजश्व बाँडफाँट	८,०९,७२,३८३	वित्तीय/अन्य व्यवस्था	१४,६४,७८,५७६
आन्तरिक आय	६७,७२,४६२		
अन्य आय	७,२७,४१,८४७		
कुल आय	५४,२५,४४,३०८	कुल खर्च	५४,३१,४५,५५३
बाँकी मौज्दात		४,५७,६०,१६०	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१			परिचय	

परिचय

स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले टेम्केमैयुङ गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस गाउपालिकाको उद्देश्य रहेको छ । टेम्केमैयुङ गाउँपालिका, अन्तर्गत ९ वडा, ४७सभा सदस्य, १७३.४१ वर्ग किलोमिटर क्षेत्रफल तथा १७ हजार ९११ जनसंख्या रहेको छ ।

लेखापरीक्षणको क्रममा राजस्व वैक दाखिला गर्न बाँकी रकम रु. ५१६२२/- बैक दाखिला भएको प्रमाण पेश भएको छ ।

प्राप्ति र भुक्तानी हिसाबको अवस्था–स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिमटेम्केमैयुङ गाउपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनको क्रममा भएका व्ययहरुको आर्थिक वर्ष २०७७।७८ मा प्राप्ति र भुक्तानी हिसाबको समग्र संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ ।

टेम्केमैयुङगाउकार्यपालिकाको कार्यालय

प्राप्ति र भुक्तानी हिसाब

आ.व. 2077/ 78

विवरण	टिप्पणी	यस वर्ष रु.						गत वर्ष रु		
		बजेट	आफैलेगरेको प्राप्ति/ भुक्तानी	वस्तुगत/ सोझैभुक्तानी		जम्मा	जम्मा	बजेट	आफैले गरेकोप्राप्ति/ भुक्तानी	वस्तुगत/ सोझैभुक्तानी
प्राप्ती (क+ख)		४७४९४१३२०	५४२५४४३०८	०		५४२५४४३०८		४३२०५६८००	४३२०५६८००	४३२०५६८००
क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)		४५८०६९६१७	४४६३८६४६९	०		४४६३८६४६९		७०१५११०००	३७२०१३००३	३७२०१३००३
११००० कर	११	४७४३२०००	६१७६१८१५	०		६१७६१८१५		७२२२५०००	४७५२९१७५	४७५२९१७५
१३००० अनुदान		३८२०५७६१७	३८२०५७६१७	०		३८२०५७६१७		३१२९८३०००	३११२३४०००	३११२३४०००
संघीय सरकार	१२	३५२४३८९५४	३५२४३८९५४			३५२४३८९५४		२८२७३८०००	२८११३८०००	२८११३८०००
प्रदेश सरकार	१२	२९६१८६६२	२९६१८६६२	०		२९६१८६६२		३०२४५०००	३००९६०००	३००९६०००
अन्तरिक श्रोत	१२	१२८००००	२३८३०३७	०		२३८३०३७		३३२००००	२७४४२२७	२७४४२२७
अन्य अनुदान		०				०			९४४२२५६	९४४२२५६
१४००० अन्य राजस्व		०	१८४०००	०		१८४०००			१०६३३४५	१०६३३४५
३३००० दायित्व		०	०	०		०				०
ख. अन्य प्राप्ति		१६८७१७०४	९६१५७८३९	०		९६१५७८३९		४३५२८८००	८७३७२९९९	८७३७२९९९
वितरण गर्न बाकी राजस्व		०		०		०				०
कोषहरु	१५	०	१३००३८४६	०		१३००३८४६			२६३७७०३५	२६३७७०३५
धरौटी	१५	०	१२७५३६७	०		१२७५३६७			६२७९६४	६२७९६४
संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम		११५८९२०००	८१८७८६२६	०		८१८७८६२६		४३५२८८००	६०३६८०००	६०३६८०००
भुक्तानी (ग+घ)		५१३३०७२१२	५४३१४५६५३	०		४८९५०७०८६				०
ग. भुक्तानी (सञ्चित कोषबाट)		४९६४३५५०८	३९६६६६९७७	०		३९६६६६९७७		३९७९७९०००	३०७०५८४९७	३०७०५८४९७
२१००० पारिश्रमिक / सुविधा	१८	१८८६३५८५०	१६१४०८७८७	०		१६१४०८७८७		१६०७४३३११	१४१३३१३५५	१४१३३१३५५
२२००० मालसामान तथा सेवाको उपयोग	१८	८१२७२६९५	५९१३८९३६	०		५९१३८९३६		४९२३०४६२	३०५७१०३२	३०५७१०३२
२५००० सहायता (Subsidy)	१८	४४८६०००	३८६१४२५	०		३८६१४२५		४१५११३८९	३३१२००४५	३३१२००४५
२७००० सामाजिक सुरक्षा	१८	४७७३०००	४६६५२८१	०		४६६५२८१		३९९४०००	२१२४५१५	२१२४५१५
२८००० अन्य खर्च	१८	९७४०००	५२११००	०		५२११००		२२३५०००	८६२४००	८६२४००
३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	१८	२१६२९३९६२३९४	१६७०७१४४८	०		१६७०७१४४८		१४०२६४८३८	९९०४९१५०	९९०४९१५०
सशर्त अनुदान फिर्ता			०			०			३५७६८३१५	३५७६८३१५
घ. अन्य भूक्तानी		१६८७१७०४	१४६४७८६७६	०		९२८४०१०९			८४४६६३५६	८४४६६३५६

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

कोषहरु		१६८७१७०४	९६८६११६	०		९६८६११६			२४०२७४५६	२४०२७४५६
धरौटी			१२७५३६७	०		१२७५३६७			८०९००	८०९००
संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम			८१८७८६२६	०		८१८७८६२६			६०३५८०००	६०३५८०००
सशर्त अनुदान फिर्ता खर्च खाताबाट			५३६३८५६७							
कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी			०	०		०				०
ङ. यो वर्षको बचत (न्युन)		-३८३६५८९१	-६०१३४५	०		-६०१३४५		४३२०५६८००	३२११२८३५	३२११२८३५
च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)			४६३६१५०५			४६३६१५०५			१३५३४७७२	१३५३४७७२
वर्षान्तको बाकी रकम (ङ + च)		-३८३६५८९१	४५७६०१६०	०		४५७६०१६०		४३२०५६८००	४५६४७६०७	४५६४७६०७
बैंक तथा नगद बाकी	२४		**४५७६०१६०**	**०**		**४५७६०१६०**			**४५६४७६०७**	**४५६४७६०७**

स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) को पुर्ण रुपमा प्रयोग गरेको पाईएन । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरू तथा खाताहरू अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।

२

अन्तर सरकारी अख्तियारी

आर्थिक कार्यबिधि तथा नियमावली वित्तीय उत्तरदायित्त्व नियमावली २०७७ को नियम ४६ मा स्थानीय तह मार्फत कुनै आयोजना तथा कार्यक्रम कार्यान्वियन गर्नेगरी निर्णय भएमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयले स्थानीय तहलाई संघीय निकायको ईकाईका रुपमा कार्यालयको कोड उपलब्ध गराई एकल खाता कोष प्रणाली अनुसार आर्थिक कारोबार सञ्चालन गर्ने गरी त्यस्तो कार्यक्रमको भुक्तानी निकासा दिने र अन्तर सरकारी अख्तियारी बमोजिम कार्यक्रम गर्ने कार्यालयले त्यस्तो अख्तियारी अनुसार भएको खर्चको मासिक, त्रैमासिक र बार्षिक प्रतिबेदन स्विकृत ढाचामा अख्तियारी दिने निकायमा पठाउनुपर्ने ब्यवस्था छ । गाउँपालिकालाई यस बर्ष देहाय बमोजिम अन्तर सरकारी अख्तियारी बमोजिम कार्यक्रम कार्यान्वियन गर्न अख्तियारी तथा निकासा प्राप्त भई खर्च समेत भएकोमा खर्चको मासिक, त्रैमासिक र बार्षिक प्रतिबेदन अख्तियारी दिने निकायमा पठाएको देखिएन । कानुनमा भएको ब्यबस्था अनुसार खर्चको मासिक, त्रैमासिक र बार्षिक प्रतिबेदन अख्तियारी दिने निकायमा पठाउनु पर्दछ ।

ब.उ.शि.नं.	बजेट	निकासा	खर्च
३१४०१०१२३	६२२९२०००।००	५८७१३१२१।००	५८७१३१२१।००
३६५००१०४३	११६०००००।००	११४३२०१६।००	११४३२०१६।००
३७०००११६४	४०२०००००।००	११७३३४८९।००	११७३३४८९।००
३६५०१११४	१८०००००।००	०	०
जम्मा	११५८९२०००	८१८७८६२६।००	८१८७८६२६।००

https://nams.oag.gov.np

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३</td><td></td><td></td><td>
कोष तथा धरौटी
प्राप्ति र भुक्तानी हिसाबअनुसार गाउपालिकाको यस बर्षको कोष तथा धरौटीमा जिम्मेबारी, आम्दानी, खर्च तथा मौज्दात देहाय बमोजिम देखिएको छ ।
<table>
<tr><th>श्रोत</th><th>धरौटी</th><th>बिभाज्य कोष खाता</th><th>प्रकोप ब्यबस्थापन कोष</th><th>बिबिध कोष</th><th>बिबिध खर्च खाता</th><th>सञ्चित कोष</th></tr>
<tr><td>शुरु मौज्दात</td><td>२१२५३९८।१६</td><td>५३७०००।००</td><td>१२६५१४४।००</td><td>१००००००।००</td><td>१७९०००।००</td><td>४१२५४९६२।९४</td></tr>
<tr><td>यस बर्ष आम्दानी</td><td>१२७५३६७।</td><td>६०७००४।००</td><td>२५०००००।००</td><td>७०००००।००</td><td>९११९६८४२।००</td><td>४४६४४२६४८।६६</td></tr>
<tr><td>जम्मा</td><td>३४००६७५</td><td>११४४००४।००</td><td>३६६५१४४।००</td><td>१७०००००।००</td><td>९३७५८४२।००</td><td>४८७६९७४३१।६०</td></tr>
<tr><td>यस बर्ष खर्च</td><td>१२७५३६७</td><td>०</td><td>१४९६७१०।००</td><td>०</td><td>8189406।००</td><td>४५०३६१५४४।००</td></tr>
<tr><td>बाँकी</td><td>२१२५३९८।१६</td><td>११४४००४।००</td><td>२२६८४३४।००</td><td>१७०००००।००</td><td>1186436।००</td><td>३७३३५८८७।६०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>
खर्च बिश्लेषणः
गाउँपालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु ६७७२४६९।३६राजस्व बाँडफाँड र अनुदानबाट रु ४४३०२९९९९।३० समेत रु.४४९८०२४६८।६६ आम्दानी भएकोमा चालु तर्फ २२९५९५५२९।०० र पूँजिगत तर्फ रु १६७०७१४४८।०० समेत रु.३९६६६६९७७।०० खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २. प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु.६७८१५०० खर्च भएको छ जुन आन्तरिक आयको १०० प्रतिशत रहेको छ । गाउँपालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५२ प्रतिशत चालु र ३८ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट गाउँपालिकाले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।
</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५			**विषयगत क्षेत्र बजेट र खर्च** स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४ को बुदा ५.१.३ मा बजेटको पुर्ब तयारी गर्दा गाऊँ वा नगर कार्यपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालन गर्ने विकास क्रियाकलापहरुलाई विषयगत क्षेत्र तोकी कार्यपालिकाका सदस्यहरुलाई विषय क्षेत्रगत जिम्मेवारी दिनु पर्नेछ । त्यस्तै सोही दिग्दर्शनको बुँदा ५.२.२.३ मा श्रोत अनुमान तथा बजेट निर्धारण समितिको काम, कर्तब्य अधिकारमा विषय क्षेत्रगत वजेटको सीमा निर्धारण गर्ने, र विषय क्षेत्रगत वजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तय गर्ने समेत ब्यवस्था छ । गाउँपालिकाले यस बर्ष दिग्दर्शन बमोजिम श्रोत अनुमान तथा बजेट निर्धारण समितिले विषय क्षेत्रगत वजेटको सीमा निर्धारण गर्ने कार्य र विषय क्षेत्रगत वजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तय नगरी बिषयगत क्षेत्रमा देहाय बमोजिम बजेट तथा खर्च गरेको छ । दिग्दर्शन बमोजिम विषय क्षेत्रगत वजेटको सीमा निर्धारण गर्ने कार्य र विषय क्षेत्रगत वजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तय गरी बजेट तर्जुमा तथा खर्च गरिनु पर्दछ ।	

बिषयगत क्षेत्र	वार्षिक वजेट	खर्च रकम	कुल खर्च मध्ये प्रतिशत
आर्थिक विकास	३५६६४३४८	२३६६१११३	५.९६
सामाजिक बिकास	२४६१२६५००	२०३३१०७७०	५१.२४
पूर्वाधार विकास	१३३६८६२००	१०६७६८५२३	२६.९१
सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र	८९२५०००	७५५१९४०	१.९०
कार्य सञ्चालन तथा प्रशासनिक खर्च	७२०३३४५९	५५५२६०८८	१३.९९
जम्मा	४९६४३५५०७	३९६८१८४३४	१००.००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६			**बैक हिसाब मिलान नगरेको** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा तयार गरेको देखिएन । स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाता अनुसार आषाढ मसान्तको बैक मौज्दात रु.45760159.49देखिएकोमा सो अबधिमा बैक	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			अनुसार बैक मौज्दात रु.११७९६१९२१देखिएकोले श्रेस्ता भन्दा बैक बढी देखिएको रु.72201761.51 सम्बन्धमा बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गरिनुपर्दछ।	

सि.नं.	खाताको नाम	श्रेस्ता अनुसार बाँकी	बैंक स्टेटमेण्ट अनुसार बाँकी	फरक
1.	चालु खर्च खाता	2135139.4	29197633.46	
2.	पूँजिगत खर्च खाता	5817758.03	३८५३७८३९.०३	
3.	स्थानिय तह धरौटि खाता	2125398.16	२४२८११५.१६	
4.	स्थानिय तह सञ्चित कोष खाता	29382989.90	२११३००८७.९६	
5.	स्थनिय तह विभाज्य कोष खाता	1144004	११४४००४	
6.	स्थानिय तह प्रकोप व्यवस्थापन खाता	2268434	२१८२६४७.६७	
7.	बिबिध कोष	1700000	१७०००००	
8.	बिबिध खर्च खाता	1186436	२१६३६७९.७५	
9.	आन्तरीक अनुदान खाता	0	१६५५१७३०.६१	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय							बेरुजु रकम
				10.	राजश्व बाडफाड खाता	0	११८६६६०.९७			
				11.	आन्तरीक राजश्व खाता	0	१७३९५२२			
					जम्मा	45760159.49	११७९६१९२१	72201761.51		
७			**अनुदान फिर्ता दाखिलाः** बिनियोजन ऐन, २०७७ को दफा ४ (१२) मा सशर्त, समपुरक र बिशेष अनुदानको रकम आर्थिक बर्ष भित्र खर्च नभइ बचत भएमा त्यस्तो बचत रकम सम्बन्धित स्थानीय तहले सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत आगामी आर्थिक बर्षको असोज मसान्त भित्र संघीय सञ्चित कोषमा फिर्ता दाखिला गनुपर्ने व्यवस्था छ । त्यस्तै प्रदेश नं १ को बिनियोजन ऐन २०७७ को दफा ४(१३)मा सशर्त, समपुरक र बिशेष अनुदानको रकम असार मसान्तसम्म खर्च नभइ बचत भएमा त्यस्तो बचत रकम सम्बन्धित स्थानीय तहले प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाइ कार्यालय मार्फत प्रदेश सञ्चित कोषमा फिर्ता दाखिला गनुपर्ने व्यवस्था छ । गाउँपालिकाको प्राप्ती तथा भुक्तानी हिसाब अनुसार देहाय बमोजिम सशर्त, समपुरक र बिशेष अनुदानको रकम रु. ५६८६११०९ असार मसान्तसम्म खर्च नभई मौज्दातमा रहेको देखिएको छ । ऐन अनुसार आगामी आर्थिक बर्षको असोज मसान्त संघीय सञ्चित कोषमा रु.५४६५६१०६ र प्रदेश सञ्चित कोषमा रु.२२०५००३ गरी दाखीला गनुपर्नेदेखिएकोमा संघीय सञ्चित कोषमा मिति २०७८।४।११ र १२ मा रु ५२३४७०२७ र प्रदेश सञ्चित कोषमा २०७८।४।११ मा रु.२२०५००३ दाखिला भएको देखिएकोले गत वर्षको बढी फिर्ता रु.2309079 को हिसाब एकिन गरी दाखिला गर्नुपर्ने रु.							२,३०९,०७९

अनुदान प्रदान गर्ने निकाय	अनुदानको प्रकार	प्राप्त रकम	खर्च रकम	बाँकी रकम
संघीय सरकार	शसर्त	२५२३५१३५०	१९७६९५२४४	५४६५६१०६
प्रदेश सरकार	शसर्त	११७६९०००	९५६३९९७	२२०५००३
	समपुरक	१०००००००	१००००००००	०
	जम्मा	२७४१२०३५०	२१७२५९२४१	५६८६११०९

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
८			**कार्यक्रम संसोधन** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(७) मा कार्यपालिकाले सभाबाट सीमा र शीर्षक बाहिर गई बजेट खर्च गर्न पाउने छैन भन्ने व्यवस्था छ ।त्यस्तै आर्थिक कार्यबिधि तथ वित्तीय उत्तरदायित्त्व नियमावली, २०७७ को नियम ३३(१) मा स्वीकृत बजेट तथा कार्यक्रम अन्तरगतको कुनै कार्यक्रम कार्यान्वयन गर्न नसकिने भएमा वा स्वीकृत कार्यक्रम भित्रको अन्य कुनै क्रियकलापमा खर्च गर्नुपर्ने अवस्था भएमा त्यस्तो कार्य सम्पन्न गर्न नसक्नुका कारण तथा नयाँ कार्यक्रम सञ्चालन गर्नुपर्ने आधार उल्लेख गरी कार्यक्रम संसोधनका लागि तालुक निकायमा लेखि पठाउदा आबधिक योजना तथा कार्यक्रमको उदेश्य लक्ष्य र स्बिकृत बजेट अनुकूल हुनेगरी पठाउनुपर्ने तथा लेखा उत्तरदायी अधिकृतले बिनियोजन ऐनको परिधिभित्र रहि आवश्यकता तथा औचित्य समेतको आधारमा कार्यक्रम संसोधन गरी बजेट सूचना प्रणालीमा अद्याबधिक गर्न लगाउनुपर्ने ब्यवस्था छ ।गाउँसभाले यस बर्ष वडा,गाउस्तरीय ८४ बटा योजनामा ६ करोड ९० लाख रकमको कार्यक्रम संसोधन मिति २०७७।१०।२८ मा स्विकृत गरेको छ ।बजेट बिनियोजन गर्दा यथार्थ हुनेगरी ऐनको परिधिभित्र रही खर्च गर्नुपर्नेमा आर्थिक बर्षको बिचमा योजना संसोधन गरीं कार्यान्वयन गर्नु उपयुक्त होईन ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>९</td><td></td><td></td><td>योजना र कार्यान्वयन
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका बिषयमा स्थानीय स्तरकाको बिकासका लागि आबधिक, बार्षिक, रणनीति बिषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन बिकास योजना बनाई लागू गर्नुपर्ने रयोजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुको साथै मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । पालिकाले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दीर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठूला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्:
<table>
<tr><th>क्र.सं.</th><th>विवरण</th><th>योजनासंख्या</th><th>बजेट रकम</th></tr>
<tr><td>१</td><td>रु १ लाखभन्दा कमको योजना</td><td>८४</td><td>६९९९५००</td></tr>
<tr><td>२</td><td>रु एक लाखएक देखि पाँच लाख सम्मका योजना</td><td>१०९</td><td>२९३९६०१४</td></tr>
<tr><td>३</td><td>रु ५ लाखदेखि १० लाख सम्मका योजना</td><td>३६</td><td>९४२३९३८५</td></tr>
<tr><td>४</td><td>दश लाख एकदेखि ५० लाख सम्मका योजना</td><td>२२</td><td>३७२९२९८७</td></tr>
<tr><td>५</td><td>५० लाख भन्दा माथीका</td><td>३</td><td>१९८४५५६८</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२५४</td><td>१८७७७३४५४</td></tr>
</table></td><td></td></tr>
<tr><td>१०</td><td></td><td></td><td>बार्षिक बजेट स्विकृति
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान, सोहि ऐनको दफा ६५,६६,६७ र स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को बुदा ५ बमोजिम प्रकृया पुर्याई आषाढ १० गतेभित्र सभामा पेश गर्नुपर्ने र ऐनको दफा ७१ (६) बमोजिम असार मसान्त भित्र बजेट पारीत गरीसक्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले आ. ब.२०७७।७८ को बार्षिक कार्यक्रम तथा बजेट देहाय प्रकृया नपुर्याइ मिति २०७७।३।५ मा रु ३९ करोड ३९ लाख १० हजारको बजेट सभा समक्ष पेश गरी सभाले मिति २०७७। ३।५ मा बजेट पारित गरेको छ। ऐन तोकेबमोजिम र स्थानीय</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शनको देहाय प्रकृया तथा कार्यतलिकाको अबधिभित्र कार्य भएको नदेखिएकोले तोकिएको प्रकृया तथा कार्यतलिकाको बमोजिम बजेट पारित गरीनुपर्दछ ।	

बजेट तयारी चरण	नियममा रहेको अबधि	कार्य भएको मिति	कानूनी ब्यबस्था
स्थानीय राजस्व परामर्श समितिले राजस्व प्रक्षेपण गरी कार्यपालिकामापेशगरी गर्नुपर्ने ।	प्रत्येक बर्ष पौष १५ भित्र	२०७७।२।२२	स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५,र स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को बुदा ५
आगामी आर्थिक बर्षको लागी आय ब्ययको प्रक्षेपण गरिएको तथ्यांक सहितको बिबरण नेपाल सरकारमा पेश गर्ने ।	पौष मसान्त भित्र	०	अन्तर सरकारी बित्त ब्यबस्थापन ऐन २०७४ को दफा १८
स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले श्रोतको प्रक्षेपण , सन्तुलित बितरणको खाका , बजेट सीमा निर्धारण गर्ने ।	प्रत्येक वर्षको बैशाख १० गते भित्र सम्पन्न गरिसक्नु	२०७७।२।२३	स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(६) र स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४को बुदा ५
आगामी आर्थिक बर्षको बजेट सिमा, गाउपालिका, नगरपालिका, बिषयगत महाशाखा,शाखा तथा वडा समितिलाई पठाउने ।	प्रत्येक वर्षको बैशाख १५ गते भित्र सम्पन्न गरिसक्नु	२०७७।२।१६	स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(७) र स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४को बुदा ५
प्राप्त बजेटको सिमाभित्र रहि बिषयगत माहाशाखा,शाखा तथा बडा समितिले पालिकाको योजना,क्रार्यक्रम तथा अनुमानित, बजेट तर्जुमा गरी पेश गर्नुपर्ने ।		२०७७।२।२६	स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(८) र स्थानीय तहको वार्षिक

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय				बेरुजु रकम
						योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४को बुदा ५	
			बजेट तथा कार्यक्रम तर्जुमा समितिले बिषयगत महाशाखा,शाखा तथा वडा समिति बाट प्राप्त बजेट प्राथमिकीकरण गरी अन्तिम प्रस्ताब कार्यपालिकामा पेश गरी कार्यपालिकाबाट स्विकृत गर्नु पर्ने।	असार ५ गते भित्र	२०७७।२।३१	स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ र स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को बुदा ५	
			गाउँ वा नगर कार्यपालिकाबाट स्वीकृत भएको वार्षिक बजेट तथा कार्यक्रम उपाध्यक्ष वा उपप्रमुख वा निजको असमर्थतामा कार्यपालिकाले तोकेको कार्यपालिकाको कुनै सदस्य मार्फत गाउँ वा नगर सभामा प्रस्तुत गरी सक्नु पर्ने ।	असार १० गतेभित्र	२०७७।३।५	स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१(१)	
			बजेट तथा कार्यक्रम सभाले पारित गरिसक्नु पर्ने	असार मसान्त भित्र	२०७७।३।५	स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१(६)	
			सभाले स्वीकृत गरेको वार्षिक बजेट तथा कार्यक्रम सर्वसाधारणको जानकारीको लागि प्रकाशन र सम्बन्धित पालिकाको वेवसाईटमा अपलोड गर्नु पर्ने ।	श्रावण १५ भित्र	०	स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ बुदा ५	
११			**आन्तरिक नियन्त्रण प्रणाली** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागू गर्नुपर्नेमा लागू गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन । • स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन अद्यावधिक गर्नुपर्ने सो गरेको पाईएन । • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।				

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । • स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन । • दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मूल्याङ्कन गर्ने कार्य भएको देखिएन । • पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो । • वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन । • जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा जिन्सी निरिक्षण नै गरेको पाईएन । • सार्वजनिक खरिद नियमावली, 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन। • ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। • स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 74(2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन । • संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । • पालिकाले कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने,मासो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन । • सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांश पालना भएको पाईएन। • वातावरणको संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यवस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन । • सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ को नियम अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन । • निजामती सेवा ऐन, 2049 वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागू गरेको पाईएन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको 2073।12।25 को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजूको लगत तयार गरेको पाईएन । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
१२			**न्यायिक समिति** न्यायिक समितिःस्थानीयसरकारसञ्चालनऐन, २०७४कोदफा४६देखि५३सम्मले अधिकारक्षेत्रतथान्यायसम्पादनप्रक्रियाकोव्यवस्थागरेकोछ । समितिमापरेकोउजुरीमध्येमेलमिलापप्रकृतिकाआधारमाविबाददर्ता भएको३महिनाभित्रटुङ्गोलगाउनेव्यवस्थाछ । न्यायिक समितिमा गतबर्षको विवाद टुङ्गोलगाउनबाँकी नरहेको र योबर्ष 16 विवाददर्ता भई 12 विवाद फछ्यौंट भई ४ वटा विवाद बाँकी रहेको विवरण प्राप्त भएको छ ।	
१३			**सार्वजनिक जग्गा तथा सम्पतिको संरक्षण** सार्वजनिक जग्गा तथा सम्पतिको संरक्षण स्थानीय सरकार सन्चालन ऐनको दफा ९७ मा गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्ति, अन्य सार्बजनिक सम्पत्ति, सार्वजनिक प्रयोग स्थल, जग्गा वा अन्य संरचनाको अद्यावधिक अभिलेख राखि त्यस्ता सम्पत्तिको रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध गर्नुपर्ने व्यवस्था छ । यस गाउँपालिकाले त्यस्ता सम्पत्तिको अद्यावधिक अभिलेखराखेको देखिएन । सार्वजनिक जग्गाको अद्यावधिक अभिलेख राखी अनुगमन नभएको कारण समेतबाट सार्वजनिक, पर्ति जग्गाले ओगटेको क्षेत्रफल पुरै सावुद रहे, नरहेको र त्यस्ता सार्बजनिक तथा सामुदायिक सम्पत्ति बेचबिखन गर्न वा अरु कुनै ब्यहोराले हक हस्तान्तरण वा लिजमा दिए, नदिएको सम्बन्धमा एकिन हुन सकेन । कानुन बमोजिम सार्बजनिक जग्गा तथा सम्पत्तिको संरक्षण गरिनुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१४			**चौमासिक पूँजीगत खर्च** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार प्रथम चौमासिकमा0.79%दोस्रो चौमासिकमा 22.72%तेस्रो चौमासिकमा76.49% र आषाढ महिनामा 49.68% खर्च भएको देखिएको छ। ।वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।	

सि.नं.	पूँजीगत खर्च शीर्षक	कुल खर्च	चौमासिक खर्च			आषाढ महिनाको मात्र खर्च
			प्रथम चौमासिक	दोस्रो चौमासिक	तेस्रो चौमासिक	
१	गाउँपालिका पूँजिगत	१११६५१६१०	१३२२१००	२८६१०७३२	८१७१८७७८	५०४७०८९६
२	संघियशशर्त पूँजिगत	३७१३०८३५	०	५८३००४७	३१३००७८८	२३५८९४९१
३	प्रदेश शशर्त पूँजिगत	८३०४४६०	०	१११२१२६	७१९२३३४	३७४५६६४
४	प्रदेश समपुरक	१०००००००	०	२४०८१२६	७५९१८७४	५१९७४१३
	कूल खर्च:	१६७०८६९०५	१३२२१००	३७९६१०३१	१२७८०३७७४	८३००३४६४
	खर्च प्रतिशत	100.00	0.79	22.72	76.49	49.68

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१५			**जग्गा उपयोग मापदण्ड** जग्गा उपयोग मापदण्डः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू–जोखिम सम्वेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधिनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था छ । यस गाउँपालिकाले जग्गाको उपयोग सम्बन्धी मापदण्ड बनाई लागू गरेको देखिएन । त्यस्तै स्थानीय तहले आफ्नो सबै क्षेत्र वा कुनै क्षेत्र तोकी त्यस्तो क्षेत्रमा बन्ने भवनहरुको लागि जग्गा तथा भवनको प्रकृति, समान ढाँचाको नमूना नक्सा तयार गर्न र सेवाग्राहीको लागि आफ्ना प्राविधिक कर्मचारीबाट नक्सा तयार गराई निःशुल्क उपलव्ध गराउने व्यवस्था रहेकोमा कार्यान्वयन भएको देखिएन । जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोकी जग्गा तथा भवनको प्रकृति बमोजिम नक्सा तयार तथा स्वीकृतिको व्यवस्था अपनाउनु पर्दछ ।	
१६			**बजेट कार्यान्वयन** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट बजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ ।त्यस्तै बजेट कार्यान्वयन गर्दास्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को बुँदा ६ र ७ देहाय बमोजिमको प्रक्रिया पुर्‍याई बजेट तथा योजना कार्यान्वयन गर्नपर्ने ब्यवस्था छ ।गाउँपालिकाले आर्थिक वर्ष २०७७।७८ को बार्षिक बजेट २०७७ असार १० मा सभावाट स्वीकृत गरेकोमा अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई मिति २०७७।३।२३ मा बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको भएपनि बजेट कार्यान्वयनका देहाय चरणहरुको कार्यान्विन गरेको देखिएन । ऐनले तोकेबमोजिम र स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, प्रक्रिया तथा कार्यतालिका बमोजिम बजेट कार्यान्वयन प्रक्रियालाई अबलम्बन गरीनुपर्दछ ।	

बजेट क्र्यार्न्वयनका चरण	नियममा रहेको अबधि	कार्य भएको मिति	कानूनी ब्यबस्था
अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने ।	सभावाट बजेट स्वीकृत भएको सात दिन भित्र	२०७७।३।२३	स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३
प्रमुख प्रशासकीय अधिकृतले स्विकृत कार्यक्रम सम्बन्धित विभाग/ महाशाखा/ शाखा /इकाइ प्रमुख र वडा सचिवलाई लिखित रुपमा योजना कार्यान्वयनकोजिम्मा दिनुपर्ने ।	अख्तियारी प्राप्त भएको १५ दिनभित्र	छैन	स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४को बुदा ६

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय				बेरुजु रकम
			सम्बन्धित विभाग/ महाशाखा/ शाखा/ ईकाइ प्रमुख र वडा सचिवले कार्यक्रम कार्यान्वयनको कार्यतालिका प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नु पर्ने ।	योजना कार्यान्वयनको जिम्मा प्राप्त भएको मितिले ७ दिनभित्र	छैन	स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४को बुदा ६	
			सबै विभाग/ महाशाखा /शाखा / इकाइ प्रमुख र वडा सचिवबाट प्राप्त कार्ययोजनालाई प्रमुख प्रशासकीय अधिकृतले एकिकृत गरी एकीकृत कार्यान्वयन कार्ययोजना कार्यपालिका समक्ष पेश गर्नु पर्ने ।		छैन	स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४को बुदा ६	
			गाउँ / नगर कार्यपालिकाले वार्षिक खरिद योजना तथा गुरुयोजना स्वीकृत गरी सो अनुरुप खरिद कार्यको व्यवस्थापन गर्नुपर्ने ।	आर्थिक वर्ष शुरु भएको एक महिना भित्र	छैन	स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४को बुदा ६	
			अनुगमन तथा सुपरीबेक्षण समिति गठन गरी, समितिले काम गरेको प्रतिबेदन प्रत्येक २ महिनामा कार्यपालिकामा पेश गर्नुपर्ने र कार्यपालिकाले अनुगमन तथा सुपरीबेक्षण समितिको प्रतिबेदनको आधारमा योजना कार्यन्वयनमा देखिएका त्रुटिहरु सच्चाउन तथा समय र गुणस्तर कायम गर्न सम्बन्धित पक्ष (उपभोक्ता समिति,निर्माण ब्यबसायी,परामर्शदाता र कर्मचारी)लाई आबश्यक निर्दशन दिनुपर्ने ।	एकिकृत गरी एकीकृत कार्यान्वयन कार्ययोजना कार्यपालिका समक्ष पेश गरेको १५ दिन भित्र समितिले कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्ने	समितिले काम गरेको प्रतिबेदन कार्यपालिकामा पेश हुने नगरेको	स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १६(४) ख (५) र स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४को बुदा ६.२.१ र ६.२.१	
			वडा अनुगमन समिति गठन गरी बडास्तरिय योजना अनुगमन गर्दा देखिएको बिषयका सम्बन्धमा अनुगमन तथा सुपरीबेक्षण समितिलाई नियमित रुपमा जानकारी गराउनुपर्ने ।		छैन	स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १६(४) ग (४) र स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४को बुदा ६.२.३	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय				बेरुजु रकम
			गाउपालिकाले ५ करोड र नगरपालिकाले १० करोड भन्दा बढि लागतका आयोजनाको योजना सम्पन्न भएको २ बर्ष भित्र तेश्रो पक्षबाट प्रभाब मुल्याङकन गराउनुपर्ने		५ करोड भन्दा बढिका योजाना नभएको	स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४को बुदा ६.२.४	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१७			**बार्षिक प्रतिबेदन तथा सूचनाहरु प्रकाशन** सूचनाको हकसम्बन्धी ऐन, २०६४ मा सार्बजनिक निकायले आफ्नो निकायसँग सम्बन्धित विभिन्न सूचनाहरु प्रकाशन गर्नुपर्ने व्यवस्थाका साथै, सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ मा सरकारी निकायले आफूले एक आर्थिक वर्षभरी सञ्चालन गरेका कार्यक्रम, सम्पादन गरेका काम र प्रगति तथा लागत लगायतका विषयहरु समावेश गरी वार्षिक प्रतिवेदन तयार गर्नुपर्ने प्रावधान रहेको छ । गाउँपालीकाले आ.व. २०७७।७८ मा वर्षभरी सञ्चालन गरेका कार्यक्रम, सम्पादन गरेका काम र प्रगति तथा लागत लगायतका विषयहरु समावेश गरी वार्षिक प्रतिवेदन गरेका कार्यहरु समेटेर वार्षिक प्रतिवेदन तयार गरी प्रकाशन गरेको तथा देहाय बिषय समेत आफ्नो वेभसाइडमा अपलोड गरेको देखिएन । सूचनाको हकसम्बन्धी ऐन, २०६४ र सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ भएका ब्यबस्था पालना हुनुपर्दछ ।	

बिबरण	प्रकाशन अबस्था	कानूनी ब्यबस्था
गाउँपालिकाले बार्षिक योजना तथा बजेट तर्जुमा पुर्ब स्थानिय तहको भौगोलिक, सामाजिक, आर्थिक तथा पूर्वाधार लगायतका क्षेत्रको यथार्थ स्थिति देखिने गरी बस्तुगत विवरण profile तयार वा अद्यावधिक गरी बेभसाईड मार्फत सार्बजनिक गरेको	अद्यावधिक गरी अपलोड नगरेको	स्थानीय तह वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४ बुदा ८
गाउँपालिकाले बर्षभरी सम्पादन गरेको कार्यको बार्षिक प्रतिबेदन तयार गरेको	तयार तथा अपलोड नभएको	सरकारी निकायको बेभसाइड निर्माण तथा ब्यबस्थापन निर्देशिकाका २०६८ को बुदा ५
पालिकाले आफ्नो आय ब्ययको बिबरण प्रत्येक महिनाको ७ गतेभित्र सार्बजनिक गर्नुपर्ने ब्यबस्था	अपलोड नभएको	स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा७६ को उपदफा ४
खरिद सम्झौताको बिबरण सहितको सुचना सम्झौता भएको ३ दिन भित्र	अपलोड नभएको	सार्कजनिक खरिद नियमावली २०६४ को नियम १३७
बजेट कार्यन्वयनको बार्षिक समिक्षा गरी तत्सम्बन्धि बिबरण प्रत्येक बर्ष कार्तिक मसान्त भित्र सार्बजनिक गर्नुपर्ने	समिक्षा गरी अपलोड	अन्तर सरकारी बित्त ब्यबस्थापन ऐन २०७४ को दफा १८

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय			बेरुजु रकम
				नभएको		
१८			**प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३७ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत बाहेक २३ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रमुख प्रशासकीय अधिकृत अधिकृत छैठौ , लेखा अधिकृत , सब इन्जीनियर सहित १४ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।			
१९			**कर तथा शुल्क असुली** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर,भबन निर्माण अनुमति दस्तुर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझीलिने परिपाटी रहेकोले राजश्व असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी सबैलाई करको दायरामा ल्याउनु पर्दछ ।			

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२०			**पेश्की बाँकी** आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्त्व नियमावली २०७७ को नियम ५०(३)मा कार्यालयले सम्झौताको शर्त अनुसार दिईने पेश्की र भ्रमणको निमित्त दिईने पेश्की बाहेक चालु आर्थिक बर्षको अन्तसम्ममा फछ्र्यौट हुन नसक्ने पेश्की दिन हुदैन भन्ने ब्यवस्था छ । पालिकाको निम्नानुसार चालु आर्थिक बर्षको अन्तसम्ममा फछ्र्यौट हुन नसक्ने म्याद नाघेका पेश्की बाँकी देखिएको छ । नियमावली तोकेको अबधि भित्र पेश्की फर्छौट नहुनाको कारण उल्लेख गरी पेश्की फछ्यौंट गर्नुपर्ने देखिएको रु.	३,०८३,१३७

मिति	पेश्की लिनेको नाम	बिबरण	म्यादननाघेको पेश्की रकम	म्यादनाघेको पेश्की रकम
२०७८।२।२७	मानामार निर्माण निर्माण सेबा प्रालि	सडक ग्राभेल	०	२५१८१२
२०७८।२।१३	खाम्ले कुलोसिचाई जल उपभोक्ता समिति	कुलो निर्माण	०	१९८८५२५
२०७८।३।२	हलुबा कुलो सिचाई उ स	कुलो निर्माण	०	४२९९९०
२०७८।३।१३	जम्दार कुलो मर्मत उ स	कुलो मर्मत	०	४१२८१०
२०७८।३।२३	भुमि / हिमालयज्वाइन्ट भेन्चर	१५ सैयाको अस्पताल निर्माण	१००००००००	०
	जम्मा		१००००००००	३०८३१३७

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२१			**राष्ट्रिय भवन संहिता** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४३ बमोजिम भवनको नक्सा पास गर्दा नेपाल सरकारले निर्धारण गरे अनुसारको राष्ट्रिय भवन संहिताको पालना गर्नुपर्ने व्यवस्था छ । त्यस्तै गाउँपालिकाले राष्ट्रिय भवन संहिताको अधिनमा रही थप मापदण्ड समेत बनाई लागू गर्न सक्ने व्यवस्था छ । भवनसंहिता पालनालाई पालिकाले कार्यान्वयनमा ल्याएको छैन । भवन संहिता कार्यान्वियन गर्न पालिकामा साधन र स्रोत नरहेको, सम्बन्धित मन्त्रालयले संहिता लागू गर्ने सक्रियता नदेखाएको, मापदण्ड विपरीत भवन निर्माण भएको, नक्सा पास नगरी भवन निर्माण गरेको, सर्वसाधारण जनताले संहिता पालना गर्नुभन्दा जरिवाना तिर्न सहज मानेको अवस्था छ ।निर्धारित भबन संहिता लागू गरी भवनको नक्सा पास गर्दा भवन संहिताको पालना गर्नुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२२			**कर्मचारी करार** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा २१ जना कर्मचारीहरु करारमा राखी रु. 3866440 खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न पदमा ३ जना करार नियुक्ति गरी बर्षभरीमा रु १०३७७९० भुक्तानी गरेको अनियमित देखिएको रु. कार्यालयको प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको बेरुजु मिति २०७८।१०।२१ को निर्णयले फछ्र्यौट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२३</td><td></td><td></td><td>साना सिचाई कार्यकम दोश्रो चरण (SIP)
नेपाल सरकार र स्बिजरलैण्ड सरकार बिच प्रदेश १ को मध्यपहाडी गाउँ र तथा नगरपालिकामा साना सिचाई कार्यक्रम सञ्चालन गर्न १२ असार २०७७ मा द्विपक्षीय सम्झौता अनुरुप टेम्के गाउँपालिका र कार्यक्रम ब्यवस्थापन तथा कार्यान्वयन परामर्शदाता बीच कार्यक्रम कार्यन्वयन गर्न भएको समझदारी अनुरुप लागत सहभागीतामा कुल निर्माण लागतको २० प्रतिशत संघीय सरकार,३० प्रतिशत स्विस सरकार २० प्रतिशत प्रदेश सरकार , २०प्रतिशत स्थानीय सरकार र १० प्रतिशत जल उपभोक्ता समितिले ब्यहोर्ने ब्यवस्था छ । गाउँपालिकाले यस बर्ष कार्यक्रमबाट सञ्चालन भएका सानो सिचाईको देहाय बमोजिम खर्च ब्यहोरेको छ ।सम्झौतामा भएको ब्यवस्था अनुसार हिसाब समायोजन गर्नुपर्ने देखिन्छ ।
<table>
<tr><th>गो भौ नं मिति</th><th>योजनाको नाम</th><th>कामको मुल्याङकन</th><th>भुक्तानीको श्रोत</th><th>खर्च रकम</th></tr>
<tr><td rowspan="2">१२०।२०७८।१।२९</td><td rowspan="2">साततले कुलो सिचाई योजना</td><td rowspan="2">३५१७१२१।८९</td><td>आन्तरीक श्रोत</td><td>१४०५१०८</td></tr>
<tr><td>समानिकरण</td><td>५३८९१३</td></tr>
<tr><td rowspan="2">१२९।२०७८।१।९</td><td rowspan="2">बैराङ खोला तिन खोप्ले सिचाई योजना</td><td rowspan="2">३९१२९४९।४५</td><td>आन्तरीक श्रोत</td><td>१५६११९४</td></tr>
<tr><td>समानिकरण</td><td>५९९३७५</td></tr>
</table></td><td></td></tr>
<tr><td>२४</td><td></td><td></td><td>पदाधिकारी सुविधा
गाउँ/ नगर सभाका सदस्यहरुको सुबिधा सम्बन्धी ऐन, २०७५ को दफा ५ मा यस ऐन बमोजिमको सुबिधा निर्बाचित भएको सदस्यले सपथ ग्रहण गरेको मिति देखी पाउने ब्यवस्था छ । पालिकाले पदाधिकारीको मासिक सुविधामा बापत रु.६७८१५०० खर्च लेखेको देखिन्छ ।</td><td></td></tr>
<tr><td>२५</td><td></td><td></td><td>मागभन्दा बढी निकासा
कार्यक्रम कार्यान्वयन पुस्तिका, 2077 को क्रियाकलाप नं.1.1.3.3 र 1.1.3.4 मा स्थानीय तहले कार्यरत शिक्षकको तलब भत्ता निर्धारण गर्दा शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, 2076 अनुसार मिलान/व्यवस्थापन/अद्यावधिक गर्ने र दरबन्दी मिलानबाट कायम भएको दरबन्दी, शिक्षक अनुदान कोटा (राहत) र प्राविधिकधार तर्फका अनुदानमा कार्यरत शिक्षक तथा प्रशिक्षकहरुका लागि विद्यालयबाट प्राप्त माग फारम रुजु गरी अनुदान उपलब्ध गराउने भनी उल्लेख गरेको छ।तर कार्यालयले माग फारमभन्दा बढी निकासा गरेको देखिएकोलेसम्बन्धित विद्यालयहरुबाट असुल गरी दाखिला गर्नुपर्ने रु.</td><td>१४४,७३५</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय							बेरुजु रकम

त्रैमासिक	विद्यालयको नाम	निकासा	माग	बढि निकासा
पहिलो	तिम्मा मा.वि., तिम्मा	929840	928953	887
"	चण्डेश्वरी मा.वि.,नागि	1285429	1209429	76000
दोश्रो	शंखर जनहीत प्रा.वि., अन्नपुर्ण	362378	361878	500
"	सिँहदेवी मा.वि., लेखर्क	1427604	1358869	68735
तेश्रो	अन्नपुर्ण बागधन मा.वि.	1828668	1825068	3600
	जम्मा	5833919	5684197	149722

कार्यालयको प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको बेरुजु मिति २०७८।१०।२१ को निर्णयले फछ्र्यौट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो

तिम्मा मा.वि., तिम्मा	887
शंखर जनहीत प्रा.वि., अन्नपुर्ण	500
अन्नपुर्ण बागधन मा.वि.	3600
	4987

क्रम	**कर्मचारीको नाम**	**असुली रकम**
२५.१	सिँहदेवी मा.वि., लेखर्क	६८,७३५
२५.२	चण्डेश्वरी मा.वि.,नागि	७६,०००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२६			**मुन्दुम पदमार्ग** भोजपुर जिल्लाको टेम्केमैयुङ गाउपालिका, षडानन्द नगरपालिका, भोजपुर नगरपालिका,साल्पा सिलिछो गाउँपालिका र खोटाङ जिल्लाको साकेला गाउँपालिका तथा कोपिलास गढी गाउँपालिकामा रहेको मुन्दुम पदमार्गको लागी उद्योग पर्यटन बन तथा वाताबरण मन्त्रालय३५%, स्विस सरकार सहयोग संस्था ३५% र सम्बन्धित स्थानिय तह ३०%लागत अश ब्यहोर्ने गरी मुन्दुम पदमार्ग पर्यटन परियोजना लागु गर्न नेपाल सरकार र स्बिस सरकार सहयोग संस्था बिच सहमति भै मिति ३१।७।२०२१ सम्म सम्झौताको म्याद थप भएको छ ।	
२७			**ट्रस्ट भवन निर्माण** विद्यालय क्षेत्र विकास योजनाको स्विकृत कार्यक्रम अन्तर्गत विद्यालय भौतिक पूर्वाधार निर्माण कार्य गर्दा नेपाल राष्ट्रिय भवन संहिता २०६० बमोजिम गर्नेगरी छनौट भएका विद्यालयसँग स्थानीय तहले भाद्र मसान्त भित्र सम्झौता गरी निर्माण कार्यतालिका पेश गर्न लगाई जेठ मसान्त सम्म निर्माण कार्य सम्पन्न गर्नुपर्ने र विद्यालयलाई रकम अनुदान दिदा पहिलो किस्ता ३० प्रतिशत भाद्र मसान्त भित्र, structural part को कार्य सम्पन्न गरे पश्चात दोश्रो किस्ता ५० प्रतिशत, कार्य सम्पन्न पश्चात नापी किताब, कार्य सम्पन्न प्रतिबेदन तयार गरी अन्तिम बिस्ताको रुपमा २० प्रतिशत अनुदान दिने व्यवस्था विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वियन पुस्तिकामा उल्लेख छ । त्यसरी नै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्त्व नियमावली २०७७ को नियम ५०(४) मा आर्थिक वर्षको अन्तसम्ममा बजेट फ्रिज हुन नदिने उद्देश्यले कसैलाई पेश्की दिन, त्यस्तो रकम अन्य कोषमा जम्मा गर्न, वा प्रदेश तथा स्थानीय तहमा रकम स्थानतरण गर्न नपाईने ब्यवस्था छ । पालिकाले सिँहदेवी विद्यालयको ट्रष्ट भवन निर्माणको लागि विद्यालयको खाता रोक्का राखी आर्थिक वर्षको अन्त्यमा रु.1800000 अनुदान दिएको छ । कार्यक्रम कार्यान्वियन पुस्तिका, 2077 विपरित अनुदान दिएकोमा नापी किताब, कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु. कार्यालयको प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको बेरुजु मिति २०७८।१०।२१ को निर्णयले फछ्र्यौट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२८			**पदाधिकारी थप सुविधा** गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, 2075 (पहिलो संशोधन समेत) को दफा 3 को उपदफा 4 मा चाडपर्व खर्चको हकमा वर्षमा एकपटक सम्बन्धित स्थानीय तहकको आन्तरिक राजश्व र आम्दानीलाई विचार गरी गाउँपालिकाको सदस्यले रु. दश हजारमा नबढ्ने गरी सभाले स्वीकृत गरेको बजेटको सीमाभित्र रही कार्यपालिकाले निर्णय गरे बमोजिम चाडपर्व खर्च पाउनेछ भनी व्यवस्था गरेको छ । पालिकाले न्यून राजस्व असुली भएको अवस्थामा यस वर्ष 4७ जना जनप्रतिनिधिलाईरु १०००० का दरले जम्मा ४७०००० चाडपर्व खर्च गरेको छ । यसरी न्यून राजस्व असुली भएको अबस्थामा पदाधिकारीलाई चाडपर्व खर्च वापत भुक्तानी गर्न मुनासिव नदेखिदा सम्बन्धितबाट असुल उपर गर्नुपर्ने रु कार्यालयको प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको बेरुजु मिति २०७८।१०।२१ को निर्णयले फछ्र्यौट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो	
२९			**अनुदान रकम** आर्थिक संकेत वर्गीकरण र व्याख्या, २०७४ अनसार व्यवस्था भएको बजेट उपशीर्षक तथा खर्च शीर्षक अनुसार बजेट विनियोजन गरी खर्च गर्नु पर्दछ । पालिकाले वजेटमा नै रकम व्यवस्था गरी ट्याम्के कृषि फर्म लाई गो.भौ.नं. १३२-२०७८।१।१५ बाट रु. ४८५००/- भुक्तानी दिएको छ । तर बजेट निर्माण हुँदा उक्त फर्म अस्तित्वमा भएको देखिन्दैन । फर्म मिति २०७७।७।२७ गते घरेलु तथा साना उद्योग कार्यालय, भोजपुर र करदाता सेवा कार्यालय भोजपुरमा दर्ता भएको देखिन्छ । यसरी पहुँचका भरमा अनुदानको व्यवस्था गरेको तथा छनौट प्रकृया पारदर्शी नगरी बजेट सुनिश्चित भएक पश्चात दर्ता गरी अनुदान दिएको रकम नियमसंगत नदेखिएको रु.	४८,५००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३०		२०७९-१-१५	**वितरणमुखी कार्यक्रम** स्थानीयसरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा ३ मा आर्थिक विकास तथा गरिवी निवारणमाप्रत्यक्ष योगदान पुग्ने उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिनेस्थानीय वासिन्दाहरुको सहभागिता जुट्ने स्वयं सेवा परिचालन गर्न सकिने, कमलागतमा सम्पन्न गर्न सकिने, स्थानीय श्रोत साधन तथा सीपको अधिकतमप्रयोग हुने, महिला, बालबालिका, पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैगिकसमानता र सामाजिक समावेशीकरण अभिबृद्धि हुने दिगो विकास, वातावरणसंरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुर्‍याउने, भाषिक तथा साँस्कृतिकपक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पर्‍याउने विषयलाईप्राथमिकता दिई योजना तर्जुमा गर्नुपर्ने उल्लेख छ । तर गाउँपालिकाले विभिन्न वडाहरुमा वडा स्तरीय खेलकुद प्रतियोगिता कार्यक्रमहरु आयोजना गरी खर्च गरेकोले ऐनले तोकेको शर्त भन्दाबाहिर योजना बनाइ खर्च लेखेको हुँदा आगामी दिनमा ऐनका शर्त बमोजिम योजना बनाई आन्तरिक आयलाई समेत ध्यान दिदै कार्यान्वयन गर्ने तर्फ गाउँपालिकाको ध्यान पुग्नु पर्ने देखिन्छ ।	

सि.नं.	भौ. नं. र मिति	विवरण	रकम
१	१२१-२०७७।१२।२४	खेलकुद कार्यक्रम संचलान गरी खेलकुद विकास समितिलाई भुक्तानी	९७०००
२	१६३-२०७८।२।१६	खेलकुद कार्यक्रम उपभोक्ता समिति वडा नं. ७ लाई खेलकुद कार्यक्रम संचलान गरी भुक्तानी रु.	१४५०००
३	२१७-२०७८।३।१४	वडा नं ४ मा वडास्तरीय खेलकुद कार्यक्रम संचलान गरी भुक्तानी भएको रु.	४८५००

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३१</td><td></td><td></td><td>भरपाई
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो रकम पुष्टि गर्ने विल, भरपाई प्रमाण र कागजात संलग्न हुनुपर्ने उल्लेख छ । गाउँपालिकाले देहायको भुक्तानीमा आवश्यक कागजात पेश नगरी भुक्तानी भएकोले विल भरपाई पेश हनुपर्ने रु.
<table>
<tr><th>गो.भौ.नं. र मिति</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>१५२-२०७८।२।२६</td><td>छाङछाङ प्रा.वि. र छेनखामा प्रा.वि. लाई कम्प्युटर खरिद भएको तर दाखिला तथा हस्तान्तर भएको नदेखिएको रु.</td><td>१६९५००</td></tr>
<tr><td>१६४-२०७८।२।२६</td><td>विद्युतीय सामाग्री खरिद गरी कार्यालयको थप पाटेशनमा वयेरिङ गरेको उल्लेख भनिएपनि नापी किताव तथा कार्यसम्पन्न प्रतिवेदन नभएको रु.</td><td>९९०७४</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२६८५७४</td></tr>
</table>
कार्यालयको प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको बेरुजु मिति २०७८।१०।२१ को निर्णयले फछ्र्यौट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३२</td><td></td><td></td><td>अनुगमन प्रतिवेदन
गाँउ तथा नगरसभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को अनुसूची १ (क) मा गाउँपालिका अध्यक्षको रु.10000/-, उपाध्यक्षको रु.10000/-, वडाध्यक्षको रु.4000/- र कार्यपालिका सदस्यको रु. 2000/- मासिक अनुगमन भत्ताको व्यवस्था छ । उक्त अनुगमन भत्ता भुक्तानी लिदा मासिक रुपमा अनुगमन प्रतिवेदन तयार गरी पेश गर्नुपर्ने व्यवस्था रहेकोमा नमूना छनौट गरी परीक्षण गर्दा अनुगमन भत्ता लिने पदाधिकारीले ऐनले तोके बमोजिमको मासिक अनुगमन प्रतिवेदन पेश नभएतापनि अनुगमन वापत एक मुष्ट भत्ता बुझिलिएकोमा प्रतिवेदन पेश नभएको रु.
<table>
<tr><th>पद</th><th>संख्या</th><th>मासिक अनुगमन भत्ता दर</th><th>वार्षिक अनुगमन भत्ता दर</th></tr>
<tr><td>कार्यपालका सदस्य</td><td>६ मध्ये ५</td><td>२०००</td><td>१२००००</td></tr>
</table>
कार्यालयको प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको बेरुजु मिति २०७८।१०।२१ को निर्णयले फछ्र्योट भएकोमा श्रीकुमार भुजेलले रु २४००० भुक्तानी गरेकाले बाँकी रु १२०००० बाँकी ५ जनाको रकम NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो</td><td>१२०,०००</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३३			**गाउँसभा भत्ता** क) गाँउ तथा नगरसभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ मा गाउँसभाको बैठकमा सभा सदस्यहरुलाई सभामा उपस्थित भए वापत बैठक भत्ता उपलव्ध गराउनु पर्ने उल्लेख छ । तर पालिकाले मिति २०७८।३।९ मा नवौ गाउँसभा संचलान गरी गाउँसभामा उस्थित सदस्यहरुलाई बैठक भत्ता उपलब्ध गराउँदा उपस्थित नभएका २५ सदस्यहरुलाई रु. २५०००।– भुक्तानी दिएको भएको छ । सभामा उस्थित नभई बैठक भत्ता भुक्तानी गर्न नमिल्ने देखिएकोले असुल उपर गरी संचित कोष दाखिला गर्नुपर्ने रु. ख) गाउँपालिकाको आठौ गाउँसभा २०७६।१०।२८ अनुपस्थित रहेका देहायका सभा सदस्यहरुलाई गाउँसभा बैठक भत्ता वापत गो.भौ. नं. २२१-२०७८।३।१४ बाट उपलब्ध गराएकोले उक्त रकम असुल गर्नुपर्न रु.	१४९,७२२

क्र.स.	पदाधिकारीको नाम	रकम
१	कुविरधन राई	१०००
२	कल्पना वि.क.	१०००
३	सुरेन्द्र राई	१०००
४	दिलकुमारी दमिनी	१०००
	जम्मा	४०००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३४			**ईन्धन खर्च** अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका २०७५ को बुदा ७.१.१६ अनुसार सवारी साधन सुविधा पाउने पदाधिकारीलाई बिशिष्ठ श्रेणि १०० लि माशिक ईन्धन , ५लिटर त्रैमासिक रुपमा मोबिल ब्रेक आयल सहसचिबलाई ७० लि माशिक ईन्धन, ५ लिटर त्रैमासिक रुपमा मोबिल ब्रेक आयल र मोटरसाईकल माशिक १० लिटर पेट्रोल ईन्धन सुविधा पाउने गरी मापदण्ड तयार गरेको छ ।पालिकाले प्रचलित कानुन, आफ्नो आन्तरिकआयकोपरिधिभित्ररहीऔचित्यताकोआधार र कार्यालयको कार्यबोझको आधार समेत एकिन गरी पदाधिकारी तथा कर्मचारीलाई सवारी साधनको लागी पाउने ईन्धन सुविधा सम्वन्धमा मापदण्ड, कार्यविधि बनाउनु पर्नेमा, बनाएको छैन । सवारी साधनमा डिजल र पेट्रोलले चल्ने सवारी साधनको छुट्टाछुट्टै अभिलेख राखी कुपन सिस्टमबाट इन्धन सुविधा उपलव्ध गराएको भएपनि र सवारी लकबुकको अनिबार्य व्यवस्था पनि गरेको छैन । यस वर्ष कार्यालय प्रयोजन गरी ईन्धन रु.575465 खर्च भएको छ । लगबुक बेगर इन्धन खर्च समेत लेखेको देखिएकोले इन्धन आबश्यकताको यथार्थता नहुने हुदा खर्च मा मितव्ययीता एबं नियन्त्रणात्मक पद्धती अवलम्वन गरीएको नदेखिदा उक्त खर्चमा नियन्त्रण हुनुपर्दछ ।	
३५			**खाना तथा विविध खर्च** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु.3000000 खर्च गरेको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।	
३६			**कर्मचारी प्रोत्साहन भत्ता** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नमर्स स्वीकृत गराई मात्र खाजा र खाना वापतको रकम भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ । स्थानीय तहले यो बर्ष कानुन बनाई प्रोत्साहन भत्ता रु.१२०६४४२/- खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको छ ।	
३७			**आर्थिक सहायता** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष रु.537000 आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३८			**तलबी प्रतिबेदन** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तह अन्तर्गतका कर्मचारीहरूको बार्षिक तलबी प्रतिबेदन र निजामति कर्मचारीको तलवी प्रतिवेदन निजामति सेवा ऐन, २०४९ को दफा ७ ख(२) बमोजिम जिल्ला स्थित कोष तथा लेखा नियन्त्रकको कार्यालय बाट पारित गराई तलब खर्च लेख्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले यस वर्ष नगरपालिकाका सवै कर्मचारीको तलवी प्रतिवेदन पारित नगरी रु.11950718 तलवमा खर्च गरेको छ । यसरी तलवी प्रतिवेदन पारित नगराई खर्च गर्दा तलव भत्ता तथा ग्रेडको सम्बन्धमा एकिन गर्नसकिएन । ऐनको व्यवस्था वमोजिम तलवी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ .	
३९			**पदमार्ग निर्माणको खर्च** त्रिपछिय समझदारिको बुँदा ३.५ मा उद्योग पर्यटन बन तथा वाताबरण मन्त्रालय३५%,स्विस सरकार सहयोग संस्था ३५% र सम्बन्धित स्थानीय तह ३०% लागत अश ब्यहोर्ने गरी सहमत भएको र मुन्दुम पदमार्ग पर्यटन परियोजना मार्गदर्शन २०७७को परिच्छेद ४ मा पदमार्ग निर्माण तथा ब्यबस्थापन समितिले प्रबिधिकबाट तयार भै आएको बिलको आधारमा निकासा माग गरेपछि स्थानिय तहले पदमार्ग निर्माण तथा ब्यवस्थापन समितिको खातामा भुक्तानी दिने र पदमार्ग निर्माण तथा ब्यबस्थापन समितिले पदमार्ग निर्माण समुहलाई निजले गरेको कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने रकम प्रत्येक समुह सदस्यको बैक खातामा भुक्तानी गरी खर्चको मासिक बिबरण सम्बन्धित स्थानीय तहमा पठाउनु पर्ने ब्यवस्था छ । समझदारी तथा मार्गदर्शनको ब्यवस्था अनुसार यस बर्ष खर्च तथा भुक्तानी स्थिति देहाय बमोजिम छ ।	२,४११,३३१

गो भौ नं मिति	प्यकेज नंबर	मुल्याङकन रकम	श्रोत	पदमार्ग निर्माण तथा ब्यबस्थापन समितिलाई भुक्तानी खर्च रकम	पदमार्ग समुहको खातामा जानुपर्ने रकम	पदमार्ग समुहको खातामा गएको रकम
१५।२०७७।१२।१६	पहिलो प्याकेज	९२००८०८।००	स्वीस सहयोग	२२७९६१६	८९३०२०२	२४३३०१९८
७४।२०७७।१२।१६			समानिकरण	११२९०१८		
४।२०७७।१२।१६			प्रदेश	२६१४६७०		

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

२।२०७७। १०।२८			प्रदेश	१११२१२६		
३७।२०७७। १०।२८			समानिकरण	२०६५३७८		
११।२०७८। ३।२२	दोश्रो प्याकेज	८३६३५९२	प्रदेश	२७८७८६४	७९५३६१२	
२६२। २०७८।३। २२			समानिकरण	२७८७८६४		
४१।२०७८। ३।२२			स्बीस सहयोग	२७८७८६४		
५२।२०७८। ३।२४	तेश्रो प्याकेज	७६७२०३२	स्बीस सहयोग	३६७२०३२	७४४६३८४	
२७६। २०७८।३। २४			समानिकरण	४००००००		
				२५२३६४३२	२४३३०१९८	२४३३०१९८

क) त्रिपक्षिय समझदारिको बुदा ३.५ बमोजिम उद्योग पर्यटन बन तथा वाताबरण मन्त्रालय३५%,स्विस सरकार सहयोग संस्था ३५% र सम्बन्धित स्थानीय तह ३०% लागत अंश ब्यहोर्ने गरी समझदारी भएकोमा खर्च भएको रु२५२३६४३२को गाउँपालिकाले ३० प्रतिशतले रु ७५७०९२९ मात्र खर्च ब्योर्नुपर्नेमा रु.९९८२२६०

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			ब्यहोरेको देखिएकोले सम्झौता भन्दा बढी खर्च सोधभर्ना लिनुपर्ने देखिएको रु.	
४०			**सामुदायिक सिकाई केन्द्र** शिक्षा तथा मानव स्रोत विकास केन्द्र, कार्यक्रम कार्यान्वयन पुस्तिका 2077/78 को क्रियाकलाप नं.६.७ मा सामुदायिक सिकाई केन्द्रको सञ्चालन अनुदान निर्देशिका अनुसार नियमित रुपमा चलेको सामुदायिक सिकाई केन्द्रको व्यवस्थापन समितिले गरेको सिफारिसको निर्णय र स्थलगत निरीक्षण प्रतिवेदनका आधारमा हाजिरी प्रमाण प्राप्त भए पछि सामुदायिक परिचालनको रकम निकासा दिने र सामुदायिक सिकाई केन्द्रले सामुदायिक परिचालकको रु.६२०० का दरले १3 महिना बराबरको पारिश्रमिक भुक्तानी गर्नुपर्ने उल्लेख छ । निम्न सामुदायिक सिकाई केन्द्रलाई समितिको सिफारिसको निर्णय र स्थलगत निरीक्षण प्रतिवेदन बेगर भुक्तानी भएको रु क्र.सं. / सामुदायिक सिकाई केन्द्र / पारिश्रमिक / व्यवस्थापन खर्च / कुल निकासा 1. / श्री अन्नपुर्ण सामुदयिक सिकार्इ केन्द्र / 80600 / 125600 / 206200 2. / श्री जनजाग्रिती सामुदयिक सिकार्इ केन्द्र / 80600 / 125000 / 205600 / जम्मा / 161200 / 250600 / 411800 कार्यालयको प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको बेरुजु मिति २०७८।१०।२१ को निर्णयले फछ्र्यौट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो	
४१			**दिवा खाजा** कार्यक्रम कार्यान्वयन पुस्तिका, 2077 को क्रियाकलाप नं. 2.7.11.1 मा स्थानीय तहले दिवा खाजा कार्यक्रम कार्यान्वयन गर्दा सामुदायिक विद्यालयमा प्राम्भिक बाल विकास कक्षादेखि कक्षा 5 सम्म अध्ययनरत बाल बालिकाहरुको लागि उपलब्ध गराउन विद्यालयगत तथ्याङ्कका आधारमा प्रति विद्यार्थी दैनिक रु.15 का दरले 180 दिनका लागि विद्यालय सञ्चालन भएको दिन र विद्यार्थी हाजिरी पुस्तिकालाई आधार मानेर मात्र विद्यालयको खातामा अनुदान निकासा दिने उल्लेख गरेको छ। बन्दाबन्दीको समयको कारण विद्यालयहरु कात्तिक 16 देखि बैशाख 14 सम्म मात्र सञ्चालन गरेको पाइयो।सो अवधिका लागि 45 सामुदायिक विद्यालयहरुलाई भौ.नं. 70 मिति 2077/12/12 बाट रु.1228410 दिवा खाजाका लागि हाजिरी प्रमाणितको आधारमा निकासा गरेको पाइयो।	

Nested table (item ४०):

क्र.सं.	सामुदायिक सिकाई केन्द्र	पारिश्रमिक	व्यवस्थापन खर्च	कुल निकासा
1.	श्री अन्नपुर्ण सामुदयिक सिकार्इ केन्द्र	80600	125600	206200
2.	श्री जनजाग्रिती सामुदयिक सिकार्इ केन्द्र	80600	125000	205600
	जम्मा	161200	250600	411800

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४२			**दरबन्दि तथा पदपुर्ती** नेपाल सरकार मन्त्रिपरिषदबाट साबिकमा नेपाल सरकारले जिल्लागत रुपमा उपलब्ध गराएको प्राथमिक, निम्न माध्यामिक तहका शिक्षक दरबन्दि तथा राहतकोटालाई स्थानीय तहगत रुपमा बाँडफाँड गरी गाउँपालिकाले देहायबमोजिम दरबन्दि मिलान तथा पदपुर्ती गरेको छ। बिद्यालयको संख्या: 45; शिक्षक दरबन्दी: 227; पदपुर्ती: 219; कार्यरतमध्ये अस्थायी/करार: 106; बिद्यार्थी संख्या: 4583	
४३			**तलबी प्रतिवेदन** शिक्षक किताव खानावाट तलवि प्रतिवेदन पास गराई, अनुसूची १ अनुसारको फारम भरी शिक्षकहरुको तलब भत्ता चौमासिक माग बमोजिम निकासा दिनुपर्ने व्यवस्था छ । यस कार्यालयले गाउँपालिका भित्रका 45 सामुदायिक विद्यालयहरुका लागि शिक्षकको तलवी प्रतिवेदन पास नगराई तलब भत्तामा रु.110185276 खर्च लेखेको छ।	
४४			**सामाजिक परीक्षण** विद्यालयको सामाजिक परीक्षण गर्ने सम्बन्धि निर्देशिका २०६५ मा सरोकारवालाहरुमा विद्यालय प्रतिको आपनत्वको बिकास गर्ने प्राप्त साधनस्रोतको मितब्ययी ढंङ्गले उपयोग गरी अधिकतम प्रतिफल प्राप्त गर्न विद्यालयका गतिबिधिलाई पारदर्शी र उत्तरदायी बनाई गुणात्मक शिक्षाको सुनिश्चितताका लागि विद्यालयको समग्र गतिबिधिको समिक्षात्मक लेखाजोखा गर्न सामाजिक परीक्षण समितिले गत आ.ब.को सामाजिक परीक्षण सम्पन्न गरी तयार पारीएको विद्यालयको प्रतिबेदन सरोकारवालाहरुको भेला गराई प्राप्त सुझाब र छलफलको निश्कर्षलाई समेत आफ्नो प्रतिबेदनमा समाबेश गरी भाद्र मसान्तभित्र विद्यालय श्रोत केन्द्रमा पेश गर्नुपर्ने ब्यवस्था छ । पालिकाले सामाजिक परिक्षण सम्पन्न भई अन्तिम प्रतिवेदनमा देखिएका कैफियतलाई कार्यान्वयनमा ल्याएको देखिएन । सामाजिक परिक्षणको एकीकृत प्रतिवेदन उपर गाउँपालिकाले कार्यान्वयन गर्नुपर्दछ ।	

Nested table in item ४२:

बिद्यालयको संख्या	शिक्षक दरबन्दी	पदपुर्ती	कार्यरतमध्ये अस्थायी/करार	बिद्यार्थी संख्या
45	227	219	106	4583

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४५			**शौचालय निर्माण** शिक्षा तथा मानव स्रोत विकास केन्द्र कार्यक्रम कार्यान्वयन पुस्तिका 2077/78 अनुसार शौचालयको लागत, ड्रइङ डिजाइन, शिक्षा विकास एवं समन्वय इकाईबाट स्वीकृत गराई सो बमोजिम शौचालय निर्माण गरी कार्य सम्पन्न प्रतिवेदा पेश गर्नुपर्नेमा गाउँपालिका आफैले डिजाइन स्वीकृत गरी शौचालय निर्माण गरी कार्य सम्पन्न पेश गरेको पाइएकोले नियमित मान्न नसकिने रु. भौ.नं.र मिति | विद्यालयको नाम | रकम 23-2078/01/23 | त्रिभुवन धर्मोदय प्रा.लि. | 694939 34-2078/03/21 | पञ्चकन्या प्रा.वि. | 697647 | जम्मा | 1392586 कार्यालयको प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको बेरुजु मिति २०७८।१०।२१ को निर्णयले फछ्र्यौट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो	
४६			**सेनिटरी प्याड खरिद** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ । तर कार्यालयले उक्त प्रक्रिया वेगर भौ.नं. 96 मिति 2078/01/23 मा Rani Laxmi Suppliers बाट सोझै सेनिटरी प्याड खरिद गरेको रु. साथै उक्त सेनिटरी प्याड लेखापरीक्षणको अवधिसम्म पनि वितरण नभएको देखिएकोले विद्यार्थीको संख्या एकिन गरी खरिद गर्नुपर्ने र समयमै वितरणतर्फ कार्यालको ध्यान जानुपर्दछ। कार्यालयको प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको बेरुजु मिति २०७८।१०।२१ को निर्णयले फछ्र्यौट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४७			**विद्यालयको नियमन** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२) मा सर्ब सामान्यतामा असर नपर्ने गरी गाउँपालिका/नगरपालिकाको काम कर्तब्य अधिकारको खण्ड(ज) (२१) मा सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सो को बजेट ब्यबस्थापन, विद्यालयको आय ब्ययको लेखा अनुशासन कायम र नियमन गर्नुपर्ने ब्यवस्था छ ।पालिकाले यस स्थानीय तह अन्तरगतका समुदायिक विद्यालयले विद्यालय लेखम दिग्दर्शन बमोजिम नगदी तथा जिन्सीको लेखा राखेनराखेको, कट्टी गरेको कर राजश्व खातामा दाखिला गरेनगरेको,कट्टी गरेको नागरीककोष, कर्मचारी सञ्चयकोष सम्बन्धित खातामा दाखिला भए नभएको, विद्यालय लेखापरीक्षणबाट देखिएको बेरुजु फछ्यौट गरेनगरेको र नेपाल सरकारको २०७५।३।३२ को निर्णय बमोजिम विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारी पारिश्रमिक सुबिधा अनिबार्य रुपमा बैक खाता मार्फत भुक्तानी भए नभएको नियमन गरी प्रतिवेदन गरेको देखिएन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४८			**निशुल्क औषधी खरिद** पालिकाले यस वर्ष सशर्त अनुदानबाट औषधीहरु खरिद गरि स्वास्थ्य चौकी तथा सामुदायिक स्वास्थ्य इकाईहरुलाई हस्तान्तरण गरि पठाएको छ । खरिद भएका औषधीहरुको माग अनुसार उपलब्धता, वितरण, उपयोगको अवस्था र मौज्दात (म्याद सकिएको, कम म्याद भएको औषधी) को स्थिति सम्वन्धमा विवरण माग गरिएकोमा प्राप्त विवरणमा औषधीहरुको मौज्दात बढी देखाएको छ ।पालिकाले निशुल्क वितरणको लागि आवश्यक पर्ने औषधीको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तयार गरेको स्थानीय तहबाट संचालन गरिने कार्यक्रमहरुको मार्गदर्शन २०७५।७६ अनुसार अथोराइज्ड स्टक लेभल (ASL)र इमर्जेन्सी अर्डर पोइन्ट (EOP)निर्धारण र सोको आधारमा औषधीको आपूर्ति र वितरण व्यवस्था मिलाउनुपर्दछ ।	

औषधीको नाम	गा.पा.बाट खरीद	स्वास्थ्य कार्यालयबाट प्राप्त	जम्मा	खर्च	बाँकी
Amoxicillin 250 mg	34700	3000	37700	30200	7500
Salbutamol mg	25000	0	25000	24000	1000
Amoxicillin 500 mg	35000	5000	40000	30400	9600
Doxycycline 100 mg	7000	0	7000	6000	1000
Vitamin B complex	10000	0	10000	10000	0
Ferrous Sulphate	0	67000	67000	34000	33000
Cipro 500 mg	15000	0	15000	10000	5000
Paracetamol 500 mg	45000	1000	46000	40000	6000
Amlodipine 5 mg	12000	2000	14000	13700	300
Metformin 500 mg	5500	2000	7500	6500	1000
Cetrizine 10 mg	1500	0	1500	900	600
Metronidazole 400 mg	20000	500	20500	15500	5000
Frusemide 40 mg	1600	0	1600	1000	600
Ibuprofen 400mg	15000	0	15000	12000	3000

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४९			**तलबी प्रतिवेदन पारित नगरेको** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं.2076/77, च.नं.180 र मिति 2076/05/18 मा नेपाल सरकार (माननीय मन्त्री स्तर) को निर्णय अनुसारस्थानीयत तहका कर्मचारी र संघबाट काजमा स्थानीय तहमा कामकाज गर्न खटिएका कर्मचारीको हकमा सम्बन्धित जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट पारित गर्ने भनी व्यवस्था रहेको छ । तर कार्यालयले स्वास्थ्यतर्फका कर्मचारीहरुको तलब प्रतिवेदन जिल्ला स्थितकोष तथा लेखा नियन्त्रक कार्यालयबाट पारित नगरी तलब भुक्तानी गरेको देखियो।तलबी प्रतिवदेन पास गराई मात्र तलब भुक्तानी गर्नेतर्फ कार्यालयको ध्यान जानुपर्दछ।	
५०			**पेश्की फिर्ता** देहायको पेश्की कार्यक्रम संचालन गरी रकम खर्च नभएको पेश्की रकम बैंक नगदी कितावमा डेविट गर्नुपर्नेमा डेविट नभएकोले उक्त रकम खर्च देखिएको तर वास्तवमा खर्च नभएकोले सो रकम यकिन गर्नुपर्ने रु.	

गो.भौ.नं.	विवरण	पेश्की फिर्ता रकम
१८२-२०७८।३।२०	रोजगार संयोजक तारा पौडेलको रु. ७००००० /- पेश्की फछ्र्यौट गरी खर्च नभएको रकम फिर्ता रु.	१३१६०७
१९३-२०७८।३।२०	सि.अ.हे.ब. राम प्रसाद चौधरीले विभिन्न स्वास्थ्य कार्यक्रम संचलन गरी रु.४८६२००/- पेश्की फछ्र्यौट गरी खर्च नभएको बाँकी रकम फिर्ता रु.	१३८०८०
	जम्मा रु.	२६९६८७

कार्यालयको प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको बेरुजु मिति २०७८।१०।२१ को निर्णयले फछ्र्यौट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५१			**औषधी खरिद** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । तर पालिकाले उक्त प्रक्रियावेगर भौ.नं. 26 र 207 मा Ashu Medicine Distributors बाट क्रमशः रु.499810 र रु.348243 गरी जम्मा रु.848053 को औषधि सोझै खरिद गरेकोले अनियमित देखिएको रु.	८४८,०५३
५२			**प्रोभिजनल सम** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । तर भौ.नं. 55 मिति 2078/3/24 बाट स्वास्थ्य चौकी भवन निर्माण योजनामा मुकुल निर्माण सेवालाई सम्झौताको वी.ओ.क्यू मा रहेको प्रोभिजनल सम (इन्सुरेन्स) बापत मु.अ.कर सहित रकम भुक्तानी दिएकोमा विल पेश नभएको रु.	३३,९००
५३			**कर असुली** आयकर ऐन, २०५८ को दफा ८8 मा बासिन्दा ब्यक्तिले नेपालमा श्रोत भएको ब्याज, प्राकृतिक श्रोत, भाडा, रोयल्टी र सेवा शुल्क भुक्तानी गर्दा कुल भुक्तानी रकमको पन्ध्र प्रतिशत कर कट्टी गर्नुपर्ने भनी उल्लेख गरेको छ।कार्यालयले भौ.नं.17 मिति 2078/01/14 बाट महाविर झरना पर्यटन पुर्वाधार निर्माण टेम्केमैयुङ-4 योजनाको भाडा खर्च रु. 39500 भुक्तानी गर्दा भाडा कर 15 प्रतिशत कट्टा नगरी भुक्तानी गरेको पाइएकोले सो रकम असुल गरी दाखिला गर्नुपर्ने रु.	५,९२५

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५४</td><td></td><td></td><td>सुरक्षित नागरिक आवासः
सुरक्षित नागरीक आवास कार्यन्वयन कार्यबिधि २०७५ मा गरीबको रेखामुनी रहेका,प्रकोपको कारण घरबार बिहिन भएका पराल र खरको छाना भएका घर परिबारलाई जस्तापाताको छानामा ल्याउने गरी सुरक्षित नागरीक आबास निर्माणको लागि गाउपालिकाले कार्यबिधि २०७५ को परिच्छेद २ बमोजिम लक्ष्यित बर्ग छनौट गरी देहाय बमोजिम प्रथम किस्ता वापत भुक्तानी दिएकोमा देहाय देखिन्छ ।
<table>
<tr><th>गोभौनं./मिति</th><th>बिबरण</th><th>खर्च रकम</th></tr>
<tr><td>16-2077/12/17</td><td>93 जनालाई रु.30000 का दरले गरिब घर परिवारलाई वितरण</td><td>2790000</td></tr>
</table>
क) सुरक्षित नागरीक आवास कार्यन्वयन कार्यबिधि २०७५ को बुदा १६ ङ बमोजिम सुरक्षित नागरीक आवास समन्वय समितिले कार्यक्रमको कार्यन्वयन सम्बन्धमा अनुगमन गर्ने ब्यबस्था भएकोमा लेखापरीक्षणको अबधिसम्ममा अनुगमन भएको प्रतिबेदन देखिएन ।
ख) सुरक्षित नागरीक आवास कार्यन्वयन कार्यबिधि २०७५ को बुँदा ६ मा कुनै ब्यक्तिले झुठा बिबरण पेश गरी अनुदान रकम लिएको पाईएमा वा जुन प्रयोजनको लागी अनुदान रकम उपलब्ध गराएको हो सोहि प्रयोजनमा खर्च नगरी अन्य प्रयोजनमा खर्च गरेको पाईएमा वा किस्ता बमोजिमको गर्नुपर्ने कार्य प्रगति अनुदान उपलब्ध गराएको मितिले ३ महिना भित्र नगरेमा लाभग्राहिबाट अनुदान रकम स्थानीय तहले असुल गर्नुपर्ने ब्यबस्था भएकोमा सो बमोजिम स्थानीय तहले कार्य गरेको पाईएन ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५५</td><td></td><td></td><td>सोझै खरिद
सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सीमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझैगर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझैखरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझैखरिद गर्न नहुने उल्लेख छ ।यस वर्ष कार्यालयले देहायका भौ.नं. र मितिबाट प्रतिस्पर्धात्मक विधि नपनाइ सोझै खरिद गरेकोले अनियमित देखिएको रु.
<table>
<tr><th>भौ.नं. र मिति</th><th>खरिद सामाग्री</th><th>सप्लायर्स</th><th>खरिद रकम</th></tr>
<tr><td>23-3/24</td><td>पशुपति मा.वि. लाइब्रेरी व्यवस्थापन सामाग्री</td><td>Delight Storage and Supplier</td><td>783500</td></tr>
<tr><td>96-1/23</td><td>विज्ञान प्रयोगशाला स्थापना तथा व्यवस्थापन सामाग्री</td><td>Rajdevi Enterprises</td><td>650000</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>1433500</td></tr>
</table></td><td>१,४३३,५००</td></tr>
<tr><td>५६</td><td></td><td></td><td>सवारी साधन खरिद
अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गाउपालिकाले ५ थान दुई पाङ्ग्रे सवारी साधन खरिदमा रु.१२९९००० खर्च गरेका छन् ।कार्यबिधि बमोजिम नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न मिल्ने देखिदैन ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५७			**दाखिला तथा बितरण** खरिद गरिएका सामानको निर्धारीत स्पेशिफिकेशन बमोजिम भए नभएको परीक्षण गरी जिन्सी किताबमा दाखिला गरेर र जडान हुने प्रकृतिका सामान तथा सार्वजनिक निर्माण कार्यको फिल्डमा कार्य भएको नाप जाँच गरी नापि किताबमा अभिलेख राखि सो आधारमा भुक्तानि गर्नुपर्दछ । गाउपालिकाले देहाय सामान जिन्सी किताबमा दाखिला गरी निर्धारीत स्पेशिफिकेशन बमोजिम भए नभएको गुणस्तर परिक्षण नगरी बितरण भएको भरपाईको आधारमा बजेट खर्च लेखिएको छ । उक्त जस्तापता वितरण गर्न गरिब घर परिवारको छनौट पहिचान निर्णय नगरी वितरण गरेको छ । लक्षित वर्ग पहिचान गरेर मात्र श्रोतसाधन वितरण गरिनुपर्दछ ।	

गो भौ नं	भुक्तानी लिने	उदेश्य	बिबरण	खर्च रकम
३५।२०७७।१०।२७	साहेबवाल ट्रेडिङ	गरीब घर परिबार पहिचान गरी जस्तापाता बितरण गर्न	रंगिन जस्तापाता ९२० बण्डल मगरा २५७० रनिङ मिटर	११६३५२७१।००
१०८।२०७८।१।२४	देउति बज्यै कन्ट्रक्सन एण्ड सप्लायर्स	बिद्यालयहरुको घेराबारा निर्माण गर्न	जालि ३६००मीटर फलामे पोष्ट ९५०९।५ र मि ओपिसी सिमेन्ट १५ बोरा	२५९७८३७।००
			जम्मा	१४२३३१०८

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५८			**राजस्व वाँडफाँड** ढुंगा, गिट्टी, बालुवा उत्खनन, विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा १४ अनुसार नदिजन्य पदार्थको विक्री एवम् अनुमति वा नविकारण शुल्क वा करबाट संकलित राजस्व मध्ये साठी प्रतिशत रकम सम्बन्धित स्थानीय संचित कोषमा र चालिस प्रतिशत रकम सम्बन्धित प्रदेश सरकारको प्रदेश संचित कोषमा जम्मा हुने गरी बाँडफाँड गर्नुपर्ने उल्लेख छ । तर पालिकाले खोला ठेक्का बापत मू.अ. कर सहित रु. ६०७००४/- प्राप्त भएको छ।पालिकाले उक्त रकम प्रदेश संचित कोष तथा मू.अ. कर रकम दाखिला गरेको छैन । क) मल्यअभिवृद्धि कर बापतको रकम संघीय संचित कोष दाखिला हुनुपर्ने रु. ६९८३२ ख) बाँकी ४० प्रतिशत रकम प्रदेश संचित कोष दाखिला गर्नुपर्रे रु. १४८६८ कार्यालयको प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको बेरुजु मिति २०७८।१०।२१ को निर्णयले फछ्यौंट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५९</td><td></td><td></td><td>

डीपीआर खर्च

बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

कार्य विवरण	परामर्शदाता	स्वीकृत रकम	खर्च रकम	अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत
पाँचधारे पोखरी तथा किँरातेश्वर ढुंगे बगैचा डि.पि.आर	हातेमालो इन्जिनियरिङ एण्ड कन्स्ट्रक्सन प्रा.लि.	740000	738011	44444000
गोगने खोला मोटरेबल पक्की पुल डि.पी.आर.	दियालो इन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि.	2000000	1996000	-
गोगने खोला पक्की पुल	-	-	-	27518680
हलुवा खोला पक्की पुल	-	-	-	34755940
15 सैया अस्पताल निर्माण डि.पी.आर.	एच.एन.एम. इन्जिनियरिङ एण्ड कन्सल्टेन्सी प्रा.लि.	2000000	1733480	240405260

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।

</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६०</td><td></td><td></td><td>उपभोक्ता समिति दर्ता
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । संस्था दर्ता ऐन २०३४ को दफा ३ मा कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । गाउँपालिकाले यो बर्ष विभिन्न २५४ उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई रु.63542000 भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्यको लेखापरीक्षणसमेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>६१</td><td></td><td></td><td>हेभी इक्विपमेण्टको प्रयोग
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :
<table><tr><th>ब.उ .शि.नं.</th><th>गोभौनं./मिति</th><th>उपभोक्ता समितिको नाम</th><th>कामको विवरण</th><th>भुक्तानी रकम</th><th>प्रयोग गरेको हेभी उपकरण</th><th>हेभी उपकरणमा भएको खर्च</th></tr><tr><td>गाउपालिका पुजिगत</td><td>२५३।२०७८।३। २१</td><td>काभ्रे तिनदोभाने कट्टी सडक</td><td>सडक निर्माण</td><td>१२५३८८०</td><td>डोजर</td><td>१२५३८७९</td></tr></table>
नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६२</td><td></td><td></td><td>सामुदायिक बनबाट आय
स्थानिय सरकार सञ्चालन ऐन २०७४ को बुदा ६२ ख (१)मा सामुदायिक बन उपभोक्ता समितिले बन पैदाबार बिक्री बापत, प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा जम्मा गर्नुपर्ने ब्यवस्था छ ।गाउँपालिकाले आफ्नो कार्यक्षेत्रभित्र रहेका सामुदायिक वनको विवरण लिई वन पैदावर बिक्री गरेको आधारमा कानून बमोजिक पाउने रकम असुल गरेको देखिएन । ऐनको उल्लेखित व्यवस्था बमोजिक सामुदायिक वनको विवरण लिई उक्त रकम असुल हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>६३</td><td></td><td></td><td>खोला ठेक्का
स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ६४ माढुङ्गा, गट्टी, स्लेट, बालवु, चनुढुङ्गा, खरीढुङ्गा, अभ्रख र दहत्तर बहत्तरमा प्राकृतिक स्रोत करको दर र प्रक्रिया प्रदेशले निर्धारण गर्ने र गाउँपालिका वा नगरपालिकाले सङ्कलन गर्ने व्यवस्था गरेको छ । पालिकाले यो वर्ष देहायबमोजिम खोला ठेक्का लगाएको छ ।
<table>
<tr><th>क्र.सं</th><th>विवरण</th><th>ठेकेदार</th><th>न्यूनतम कबोल अक रु. (मू.अ.कर बाहेक)</th><th>कबोल अंक (मू.अ. कर बाहेक)</th><th>छुट रकम</th><th>छुट पछिको रकम</th></tr>
<tr><td>१</td><td>पिखुवा खोला सेतीबगर, हिङ्गखुवा खोला, याङटाङ खोला, बाचिम्ले खोला र सुङ्गे खोला क्षेत्र</td><td>दक्षिणकाली हार्डवयेर, धनकुटा</td><td>५३८८७०.११</td><td>५३८९००</td><td>०</td><td>०</td></tr>
<tr><td>२</td><td>गगने खोला, सिक्तेल खोला, दोभाने निखुवा खोला, सिरवानी खोला र राउते खोला ठेक्का</td><td>दक्षिणकाली हार्डवयेर, धनकुटा</td><td>४००१९३.२६</td><td>४५२२२७</td><td>४५२२३</td><td>४०७००४</td></tr>
</table>
यस सम्बन्धमा देखिएको व्यहोरा देहाय बमोजिम रहेको छः
सम्झौता नभएको ठेक्काः पालिकाले पिखुवा खोला सेतीबगर, हिङ्गखुवा खोला, याङटाङ खोला, बाचिम्ले खोला र सुङ्गे खोला क्षेत्र दोश्रो पटकको सूचना अनुसार एक मात्र बोलपत्रदाता दक्षिणकाली हार्डवयेर, धनकुटाको वोलपत्र दाखिला भइ सारभूत रुपमा प्रभावग्राही भई मिति २०७७।६।२२ मा वोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरी मिति २०७७।६।२९ गते सम्झौता गर्ने सूचना भएकोमा उक्त वोलपत्रदाता संझौता गर्न आएको देखिएन वा कार्यालयले संझौता गरेको प्रमाण पेश गरेको छैन । तर पालिकाको विभाज्यकोषमा मिति २०७८।३।३१ मा ठेकेदार कम्पनीबाट २,००,०००/- रकम जम्मा गरेको पाईयो । पालिकालले संझौता नै नगरी खोलाजन्य पदार्थको उत्खनन गरी प्राकृतिक स्रोतको दोहन भएको देखिएको छ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६४</td><td></td><td></td><td>रसिद नियन्त्रण खाता
नगदी रसिद जारी हुनेमा सो को अभिलेख र नियन्त्रण गर्न, आन्तरीक आम्दानी प्राप्त भएबापत दिईने तथा काटीने रसिदलाई समुचित नियन्त्रण गरी अनियमितता हुन नदिन स्विकृत म.ले.प.फा.नं. ९०४ रसिद नियन्त्रण खाताको प्रयोग गर्नुपर्ने ब्यवस्था छ ।</td><td></td></tr>
<tr><td>६५</td><td></td><td></td><td>उत्खनन, संकलन परिमाणको अभिलेख
ढुङ्गा, गिटि, बालुबाउत्खननबिक्रि तथा ब्यबस्थापन सम्बन्धी मापदण्ड २०७७को बुँदा ७(६) मा उत्खनन, संकलनवा ढुवानीकर्ताले उत्खनन, संकलनवा ढुवानी गरेको परिमाणको अभिलेखअनुसूची ४ (क) बमोजिमको र दैनिक पटके बिक्री वा ढुवानी अभिलेख तेरीज अनुसूची ४(ख) बमोजिमको ढाँचामा राख्नुपर्ने ब्यवस्था छ । गाउपालिकाले यस बर्ष देहाय बमोजिम नदिजन्य ठेक्कामा परिमाण उल्लेख गरी उत्खनन, संकलनवा ढुवानी गर्न ठेक्का सम्झौता नगरेको र उत्खनन, संकलनवा ढुवानी गरेको परीमाणात्मक अभिलेख पनि राखेको देखिएन । मापदण्ड २०७७ बमोजिम नदिजन्य पदार्थको अभिलेख राखिनु पर्दछ।
<table>
<tr><th>सि.नं.</th><th>उत्खनन तथा संकलनकर्ता</th><th>स्थान</th><th>बिबरण</th><th>परीमाण (घ. मि.)</th></tr>
<tr><td rowspan="2">1.</td><td rowspan="2">दक्षिणकाली हार्डवेयर, धनकुटा</td><td rowspan="2">पिकुवाखोला, सेतीबगर, हिँखुवाखोला, याङटाङ खोला, बलिम्चे खोला, सँगेखोला क्षेत्र</td><td>ढुङ्गा</td><td>1159</td></tr>
<tr><td>बालुवा</td><td>1749</td></tr>
<tr><td rowspan="2">2.</td><td rowspan="2">"</td><td rowspan="2">गोगने खोला, सिक्तेल खोला, निखुवाखोला, सिरवानी खोला, राउते खोला</td><td>ढुङ्गा</td><td>864</td></tr>
<tr><td>बालुवा</td><td>1294</td></tr>
</table></td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६६			**बजेटमा नै समावेश गरी भुक्तानी** आर्थिक संकेत वर्गीकरण र व्याख्या, २०७४ अनसार व्यवस्था भएको बजेट उपशीर्षक तथा खर्च शीर्षक अनुसार बजेट विनियोजन गरी खर्च गर्नु पर्दछ । पालिकाले देहायका कार्यक्रममा बजेटमा नै समावेश गरी भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु. <table><tr><td>गो.भौ.नं.</td><td>विवरण</td><td>भुक्तानी लिएको</td><td>रकम</td></tr><tr><td>१९२-२०७८।२।२७</td><td>विज्ञापन प्रकाशन गरे वापत भुक्तानी</td><td>खवर संसार डटकम</td><td>२२७९५०</td></tr><tr><td>१९०-२०७८/२/२६</td><td>सूचना प्रकाशन</td><td>सिलिचुङ अनलाईन</td><td>१४५५००</td></tr><tr><td></td><td></td><td>जम्मा</td><td>३७३४५०</td></tr></table>	३७३,४५०
६७			**भ्रमण भत्ता** गणेश कुमार राईलाई मंसिर महिनाको ११ गते देखि १७ गते सम्म र १५ गते देखि २२ गते सम्म भ्रमण आदेश अनुसार तथा दैनिक भत्ता तथा भ्रमण खर्च खर्च गोश्वारा भौचर नं. २३३-२०७८।३।१६ बाट भुक्तानी दिँदा २ दिनको रु. २४००/- दोहोरो भुक्तानी भएको देखिएकोले उक्त रकम असुल उपर गर्नुपर्ने रु. कार्यालयको प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको बेरुजु मिति २०७८।१०।२१ को निर्णयले फछ्र्यौट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो	
६८			**अनुगमन भत्ता** प्रदेश नं.१ गाँउ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३ मा गाउँपालिकाका पदाधिकारीहरुको सुविधा अनुसूची १ (क) वमोजिम हुने उल्लेख गरेको छ । तर पालिकाले बेमौसमी तरकारी खेति सम्बन्धी ३ दिने तालिममा वडा नं. ७ का अध्यक्ष उद्धव कुमार राईलाई अनुगमन भत्ता वापत गो.भौ.नं. १३०-२०७८।१।१५ (समानीकरण) बाट भुक्तानी भएकोले दोहोरो अनुगमन भत्ता उक्त रकम असुल गरी स्थानीय संचित कोषमा दाखिला गर्नुपर्ने रु.	२,५५०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६९			**सिमेन्ट वितरण** सार्वजिक खरिद नियमावली, २०६४ को नियम १२५ अनुसार कार्यालयले प्राविधक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन पेश गरेको छ ।पालिकाले विभिन्न विद्यालयलाई गो.भौ.नं. १४५-२०७७।१।२८ बाट रु. ९८३१०/- बरावरको ११६ बोरा सिमेन्ट खरिद गरी भुक्तानी भएको छ । सिमेन्ट प्रयोग भएको मूल्यांकन प्रतिवेदन पेश हुनुपर्ने रु.	९८,३१०
७०			**प्रतिवेदन पेश नभएको** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(८) मा स्वीकृत कार्यक्रम अनुसार संचालित तालिम, सेमिनार, गोष्ठी, कार्याशाला जस्ता कार्यक्रम सम्पन्न भएपछि त्यस्तो कार्यमा भएको खर्च खरिद भएको मालसामानको विवरण तथा विल भरपाई सहित कार्यक्रममा उपस्थित तथा कार्यक्रमबाट लाभान्वित व्यक्तिको संख्या र उपस्थिति समेत समावेश गरी प्रतिवेदन तयार गरी अधिकारप्राप्त अधिकारीबाट स्वीकृत गराउनु पर्ने उल्लेख छ । पालिकाले च मावि शैक्षिक गुणस्तरीय कार्यक्रम अन्तरगत संचालन भएको शैक्षिक भ्रमण वापत गो.भौ.नं. १६८-२०७८।२।१७ बाट रु. २४२५००/- भुक्तानी भएको छ । तर विद्यालयले शैक्षिक भ्रमण पेश गर्नुपर्ने प्रतिवेदन पेश गरेको नदेखिएकोले प्रतिवेदन पेश हुनुपर्ने रु.	
७१			**मोवाइल खरिद** प्रदेश सरकार, टेम्केमैयुङ गाउँपालिका तथा करुणा फाउण्डेशनसँगको त्रिपक्षीय साझेदारीमा संचालित अपांगता रोकथाम तथा पुनस्थापना कार्यक्रम अन्तर्गत महिला स्वयं सेविकाहरुलाई ८१ गोटा मोवाईल रु. ३९५५/- का दरले र स्वास्थ्य संस्थाका प्रमुखहरुलाई १० सेट १५०००/- का दरले खरिद गरी गो.भौ.नं. ४-२०७७।१०।२९ (विविध) बाट रु. ४७०३५५/- भुक्तानी भएको छ । मोवाइल सेटको प्रयोग प्रभावकारी ढंगबाट गर्ने गराउने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७२</td><td></td><td></td><td>अनुदानको अनुगमन
सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार कृषि र पशु, तथा विभिन्न सहकारी संस्थालाई बीउ पूँजी तथा अनुदानमा खर्च लेखेका छन । तर पालिकाबाट बितरण भएको अनुदानको सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।
<table>
<tr><th>गो.भौ.नं.</th><th>कृषको/कृषक समुहको नाम</th><th>प्रयोजन</th><th>अनुदान रकम</th></tr>
<tr><td>२१९-२०७८।३।२४ सशर्त चालू</td><td>जागरण सहकारी संस्था लि.</td><td>मौरी पकेट कार्यक्रम ५० प्रतिशत अनुदा</td><td>११०००००</td></tr>
<tr><td>२१८-२०७८।२।१४ सशर्त चालू</td><td>श्री भरुचोक कृषि बहुउद्वेश्य सहकारी संस्था</td><td>बंगुर उत्पादन केन्द्र ५० प्रतिशत अनुदान</td><td>१००००००</td></tr>
<tr><td>१६६-२०७८।२।१६ (समानीकरण चालू)</td><td>मोनालिसा कृषि फर्म</td><td>कृषि तथा पशुपालन फर्म</td><td>४८५००</td></tr>
<tr><td>१९४-२०७८।३।२० सर्शत अनुदान</td><td>पधेरीडाँडा बहुउद्वेश्य कृषि तथा फलफुल फर्म</td><td>अदुवा पकेट क्षेत्र कार्यक्रम</td><td>११०००००</td></tr>
<tr><td>२६-२०७८।३।१७ विविध</td><td>मिलिजुली समूह</td><td>विउ पूँजी अनुदान</td><td>४५००००</td></tr>
</table></td><td></td></tr>
<tr><td>७३</td><td></td><td></td><td>सामाजिक सुरक्षा
आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका वर्ग क्षेत्र र समुदायका नागरिकलाई सामाजिक सुरक्षा कार्यक्रम मार्फत सामाजिक सुरक्षा प्रदान गर्न यस पालिकाले आर्थिक बर्ष २०७७।७8 मा 9 वडाहरुमा नगद रु.५८७८३३२१ वितरण गरेको देखिन्छ ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७४			**परदर्शिता र जवाफदेहिता** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७7 अनुसार स्थानिय तहहरुको कार्यालयले सामाजिक सुरक्षा भत्ता सम्वन्धी जानाकारी (लाभग्राहीको नाम दर्ता तथा नविकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने वैक र लाभग्राहिले पुरा गर्नुपर्ने प्रकृया) स्थानिय सामाजिक संस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्थाहरुको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने र यस सम्वन्धी सुचना स्थानिय एफ एम लगायतका संचार माध्यमहरुवाट प्रचार प्रसार गर्नुपर्ने व्यवस्था मिलाउनुपर्ने र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसी सम्वन्धित स्थानिय तहको वेभ साइटमा राख्नुपर्नेमा सो समेत नगरिएकोमा यस कार्यालयले पारदर्शिता र जवाफदेहिताको विधि प्रकृयाको पालना गरेको पाइएन । यसले गर्दा भत्ता वितरण पारदर्शी ढङ्गबाट भएको छ भनि एकिन हुने अवस्था देखिएन ।	
७५			**अनुगमन तथा सुपरिवेक्षण** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७७ अनुसार प्रत्येक कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मुल्याङकन तथा सुपरिवेक्षण गर्न एक स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरि निर्देशिका बमोजिम अनुगमन मूल्याङ्कन गरी भत्ता वितरणलाई व्यवस्थित गर्नुपर्नेमा समिति गठन भएको नपाइएकाले कार्यविधि अनुसारको कार्य भएको छैन ।	
७६			**अद्यावधिक गर्ने** सामाजिक सुरक्षा भत्ता बितरण कार्यबिधि २०७७ को बुदा ५(१)मा स्थानीय तहले प्रत्येक आर्थिक बर्षको लागि कार्तिक मसान्त भित्र लाभग्रहीको नबिकरणको अभिलेख अनिबार्य रुपमा प्रणालीमा अभिलेख गर्नुपर्ने ब्यवस्था छ ।सो कार्यबिधिको बुँदा १० मा भत्ता पाउने लाभग्रहिको फोटो सहितको मुल अभिलेख लक्षित समूह अनुसार छुट्टाछुट्टै अद्यावधिक गरी स्थानीय तह र प्रत्येक बडा कार्यलयमा राख्नुपर्ने ब्यबस्था भएकोमा कार्यविधि अनुसार लाभग्राहिको लागत अध्यावधिक नगरी रकम वितरण गरेको पाइयो ।	
७७			**निस्कृय खाता** सामाजिक सुरक्षा भत्ता बितरण कार्यबिधि २०७७ को बुदा २६(३) मा एक आर्थिक बर्षसम्म एक पटक पनि रकम नझिकेका लाभग्रहिको बिबरण सेबा प्रदायक बैकबाट अनुसूची ११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्रहिको सम्बन्धमा स्थानीय तहले छानबिन गरी कुनै लाभग्रहिको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्यता नभएको पाईएमा सम्बन्धित बैकबाट लगत कट्टा हुने मितिसम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्त गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने ब्यबस्था छ ।तर कार्यालयले निष्कृय खाताको विवरण राखेको पाइएन।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७८</td><td></td><td></td><td>रकम वितरण व्यवस्था
सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०77 को दफा २४ बमोजिम बैंकले लाभग्राहीको खातामा रकम जम्मा भएको स्पस्ट देखिने गरी लाभग्राहिको नाम, बैक खाता नम्वर र जम्मा भएको रकम सहितको विवरण अनुसूची १३ बमोजिमको चौमासिक रुपमा सम्वन्धित स्थानीय तहलाई विद्युतीय माध्यममा अनिवार्यरुपमा पठाउनुपर्ने व्यवस्था छ ।तर गाउँपालिकाले यस वर्ष वडा सचिवलाई पेश्की उपलब्ध गराई सामाजिक सुरक्षा भत्ता वितरण नगद नै गरेको पाइएकोले सो नियम संमत देखिएन ।</td><td></td></tr>
<tr><td>७९</td><td></td><td></td><td>भत्ता रकम बितरण
सामाजिक सुरक्षा भत्ता बितरण कार्यबिधि २०७७ को बुदा १५(२) मा स्थानीय तहले लाभग्राहीको भत्ता आर्थिक बर्षको प्रत्येक चौमासिकको अन्तसम्म भुक्तानी गर्दा सम्बन्धित लाभग्रहिको बैक खातामा जम्मा गर्नुपर्ने ब्यवस्था छ । त्यस्तै सोहि कार्यबिधिको बुदा २४(६)मा बैकले लाभग्रहिको खातामा रकम जम्मा गरीसकेपछि पहिलो चौमासिकको मंशिर ७ गतेभित्र, दोश्रो चौमासिकको चैत्र ७ भित्र र तेश्रो चौमासिकको आषाढ मसान्तभित्र भत्ता बितरणको बिबरण (फर्वाड फिड) अनुसूची ८ बैकबाट प्राप्त गर्नुपर्ने ब्यवस्था भएकोमा फर्वाड फिड प्राप्त गरेको देखिएन।यसतर्फ कार्यालयको ध्यान जानुपर्दछ ।</td><td></td></tr>
<tr><td>८०</td><td></td><td></td><td>कर्मचारीलाई पेश्की उपलब्ध गराइ भत्ता विवरण
कार्यविधिको दफा १६ मा स्थानीय तहले सम्वन्धित वडा कार्यालय मार्फत प्रथम चौमासिक असोजको १ गतेबाट दोश्रो हप्ता भित्र, दोश्रो चौमासिक माघको १ गतेबाट दोश्रो हप्ताभित्र र तेस्रो चौमासिक जेठको १ गतेबाट दोश्रो हप्ताभित्र वितरण गरिसक्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले तोकिएको समयभित्र वितरण गरेको पाइएन । गाउँपालिकाले कार्यविधिले तोकेको अवधि भित्र सामाजिक सुरक्षा भत्ता पेश्की उपलब्ध गराउने र वडा कार्यालयले लाभग्राहिहरुमा वितरण गरि तोकिएको अवधि भित्रै पेश्की फछ्र्यौट गर्नु पर्दछ । पेश्की वितरणको अवस्था देहायानुसार रहेको पाइयो।
<table>
<tr><th rowspan="2">वडा नं.</th><th colspan="3">प्रथम चौमासिक</th><th colspan="3">दोश्रो चौमासिक</th><th colspan="3">तेश्रो चौमासिक</th></tr>
<tr><th>निकासा</th><th>वितरण</th><th>फिर्ता</th><th>निकासा</th><th>वितरण</th><th>फिर्ता</th><th>निकासा</th><th>वितरण</th><th>फिर्ता</th></tr>
<tr><td>१</td><td>२३७८०००</td><td>२०७४८००</td><td>३०३२००</td><td>२७४६१०७</td><td>२५०७८६४</td><td>२३८२४३</td><td>२८९६१६८</td><td>२६८०१६८</td><td>२१६०००</td></tr>
<tr><td>२</td><td>२८४४०००</td><td>२५४१६००</td><td>३०२४००</td><td>३२६२६००</td><td>३१११९३५</td><td>१५०६६५</td><td>३४१३२००</td><td>३४०१२००</td><td>१२०००</td></tr>
</table></td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

३	१४९५८००	१३४८२००	१४७६००	१६३३६३१	१५८६८३२	४६७९९	१८७१६४५	१६२२८४५	२४८८००
४	१५५४८९०	१३८१८९०	१७३०००	१८४९३२४	१६१७३२४	२३२०००	१९३२३१०	१६८४३१०	२४८०००
५	१८६४८४२	१६५९८४२	२०५०००	२३५५८००	२१२६४६४	२२९३३६	२३८३६९७	२१९२६९७	१९१०००
६	१७०७३२३	१६६३३२३	४४०००	१८१५४५८	१७३४०२५	८१४३३	१८९९१८७	१७८४७८७	११४४००
७	२४४३४७४	२२६१४७४	१८२०००	२७३७७७४	२४२२७७४	३१५०००	२८५३२००	२५६१६००	२९१६००
८	२२५८६६३	२०२४२९०	२३४३७३	२२९४९४६	२१८७१४८	१०७७९८	४००००००	२२४७४५२	१७५२५४८
९	२६०९५१९	२६०५०५२	४४६७	२९९९८६७	२९१५७३४	८४१३३	२९५४७४३	२८३७६९१	११७०५२
जम्मा	**१९१५६५११**	**१७५६०४७१**	**१५९६०४०**	**२१६९५५०७**	**२०२१०१००**	**१४८५४०७**	**२४२०४१५०**	**२१०१२७५०**	**३१९१४००**

८१

नगद लागत सहभागिता

पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन। अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।नगद लागत सहभागिता नभएका केही उदाहरणार्थ योजनाहरुः

सि.नं.	योजनाको नाम	रकम
1.	दिप्सा सिरान खोम्पायारादेखि एक्लेटार हुँदै अधेरीसम्म सडक ट्र्याक ओपन	492000
2.	श्रीदली चौडिला छिनामुखु कृषि सडक स्तरोन्नती	485000

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
८२			**हेभी इक्विपमेण्टको प्रयोग** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसतर्फ कार्यालयको ध्यान जानुपर्दछ।	
८३			**मु.अ.कर दर्ता** सार्वजनिक खरिद नियमावली, 2064 को नियम 19 मा सार्वजनिक निकायले कुनै खरिद गर्दा आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्न सकिनेछ भनी उल्लेख छ ।कार्यालयले देहायका योजनाहरुमा हेभीइक्वीपमेन्टको प्रयोगमा कर बीजक बेगर नै भुक्तानी गरेको पाइएकोले नियमित मान्न नसकिने रु. **भौ.नं. र मिति** / **योजनाको नाम** / **भुक्तानी पाउने व्यक्ति** / **खर्च रकम** 1-12/12 / दिप्सा सिरान खोम्पायारादेखि एक्लेटार हुँदै अधेरीसम्म सडक ट्र्याक ओपन / मनोज राई / 492000 6-12/31 / श्रीदली चौडिला छिनामुखु कृषि सडक स्तरोन्नती / जितेन राई / 985000 11-3/21 / लुकनागीदेखि बाक्सुरी धोद्रे सुम्देल दिक्तेल जोड्ने सडक ट्र्याक ओपन / हरी कुमार राई / 2649147 / / **जम्मा** / **4126147** कार्यालयको प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको बेरुजु मिति २०७८।१०।२१ को निर्णयले फछ्र्यौट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८४</td><td></td><td></td><td>फरक दरमा भुक्तानी
जडीबुटी (सतुवा) बिरुवा उत्पादन, खेती विस्तार तथा तार घेराबार र अन्य भौतिक पुर्वाधार योजनामा भौ.नं. 9 मिति 2078/03/06 बाट देहायका कामको विवरणका लागि फरक दरमा भुक्तानी भएको पाइएकोले बढी भुक्तानी असुल गरी दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>सि.नं.</th><th>कामो विवरण</th><th>परिमाण</th><th>भुक्तानी दर</th><th>बिलमा भएको दर</th><th>बढी भुक्तानी</th></tr>
<tr><td>1.</td><td>20 mm dia PN 16</td><td>500</td><td>35.1</td><td>33.66</td><td>720</td></tr>
<tr><td>2.</td><td>25 mm dia PN 16</td><td>300</td><td>44.98</td><td>42.33</td><td>795</td></tr>
<tr><td>3.</td><td>32 mm dia PN 16</td><td>200</td><td>60.84</td><td>47.53</td><td>2662</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td>जम्मा</td><td>4177</td></tr>
</table>
</td><td>४,१७७</td></tr>
<tr><td>८५</td><td></td><td></td><td>सम्झौताभन्दा बढी भुक्तानी
भौ.नं. 9 मिति 2078/03/06 मा जडीबुटी (सतुवा) बिरुवा उत्पादन, खेती विस्तार तथा तार घेराबार र अन्य भौतिक पुर्वाधार योजनाको कुल बजेट रु.3500000 भई फर्मले कुल बजेटको 30% तथा रु.1050000 ब्यहोर्ने भनी सम्झौता भएको पाइयो।सो कार्यको सम्पन्न पश्चात रु.1000730.96 मात्र ब्यहोरेको पाइएकोले बढी व्ययभार पारेको एकिन हुनुपर्ने रु.</td><td>४९,२६९</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८६</td><td></td><td></td><td>
कोभिड–१९ तर्फ
आ=व २०७७।७८ को असाढ मसान्तसम्म कोभिड–१९ रोकथाम तथा नियन्त्रणको लागि भएको आम्दानी तथा खर्चको विवरण निम्नानुसार रहेको छः
<table>
<tr><th>आम्दानी स्रोत</th><th>रकम रु</th><th>खर्च शिर्षक</th><th>रकम रु</th></tr>
<tr><td>गत बर्षको बाँकी</td><td>0</td><td>राहत वितरण</td><td>746358</td></tr>
<tr><td>स्थानीय तहको आफ्नै वजेटवाट</td><td>500000</td><td>क्वारेन्टाइन निर्माण तथा व्यवस्थापन</td><td>150000</td></tr>
<tr><td>संघीय कोभिड कोषवाट</td><td>1000000</td><td>औषधी एवं स्वास्थ्य उपकरण खरिद</td><td>499105</td></tr>
<tr><td>प्रदेश कोभिड कोषवाट</td><td>0</td><td>आइसोलेसन केन्द्र निर्माण</td><td>103642</td></tr>
<tr><td>अन्य स्रोतबाट</td><td>0</td><td>खोप कार्यक्रम खर्च</td><td>0</td></tr>
<tr><td></td><td></td><td>जोखिम भत्ता</td><td>0</td></tr>
<tr><td></td><td></td><td>प्रशासनिक खर्च</td><td>0</td></tr>
<tr><td></td><td></td><td>अन्य खर्च</td><td>0</td></tr>
<tr><td></td><td></td><td>वाँकी</td><td>895</td></tr>
<tr><td>जम्मा</td><td>1500000</td><td>जम्मा</td><td>1500000</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>८७</td><td></td><td></td><td>
आन्तरीक लेखापरीक्षण प्रतिबेदन
स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) तथा आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा ३४ मा स्थानीय तहले लेखा तथा आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमाआन्तरिक लेखापरीक्षण गर्नु गराउनुपर्ने ब्यवस्था छ।सोही ऐनको दफा ३३(८) मा आन्तरीक लेखापरीक्षण प्रतिबेदनमा समाबेश भएका ब्यहोरा अन्तिम लेखापरीक्षण हुनुभन्दा अगाबै फछ्र्यौट तथा सम्परीक्षण गराई अन्तिम लेखापरीक्षक समक्ष प्रस्तुत गर्नुपर्ने ब्यबस्था छ । पालिकाले ऐनको सो व्यवस्था अन्तर्गत आन्तरिक लेखापरीक्षण अघि आन्तरिक लेखापरिक्षणबाट फछ्र्यौट नभएकोले प्रारम्भिक प्रतिवदेनमा समावेश गरिएको छ। देखिएका व्यहोराहरु देहायानुसार रहेका छन्
</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
८७.१			वडा सचिव तोया राज दुलाललाई तेस्रो किस्ताको रकम दिँदा रु ३१५०५४४ दिएको पहिलो र दोश्रो किस्ताको बाँकी रकम निजलाई थप रु ५६००० कुन श्रोतबाट भुक्तानीको आधार एकिन गर्नुपर्ने रु	५६,०००
८७.२			अस्पताल निर्माणको लागि एच एन एम इन्जिनियरीङ एण्ड कन्सल्टेन्सी प्रालिलाई भुक्तानि दिदा डिपिआरको लागत अनुमान,तुलनात्मक चार्ट र सम्झौता पेश नभएकोले पेश हुनपर्ने रु 1733489 कार्यालयको प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको बेरुजु मिति २०७८।१०।२१ को निर्णयले फछ्र्यौट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो	
८७.३			सिदेली चौडिला छिनामख्खु कृषि सडक स्तरोन्नती उपभोक्ता समितिलाई जेसिभिको प्रयोग गर्ने संझौँता विना जेसिवि प्रयोग गरी गोश्वार भौचर नं ७ (स्थानीय पूर्वाधार विकास कार्यक्रम) वाट रु ९८५०००।०० भुक्तानी भएको रकम अनियमित भएको रु कार्यालयको प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको बेरुजु मिति २०७८।१०।२१ को निर्णयले फछ्र्यौट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो	
८८			**बिज्ञापन कर** प्रदेश आर्थिक ऐन २०७७ को दफा दफा ६ मा प्रदेश भित्र राखिने होडिङबोर्ड, साइनबोर्ड, ब्यानर, ट्राइभिजन बोर्ड, ग्लो बोर्ड, डिजिटल बोर्ड, स्टल, धातुको फ्रेम वा कुनै स्थानमा लगाउने लेखे वा बिद्युतीय तरंग प्रयोग गरिएको प्रचार सामाग्री गरिएको बिज्ञापनमा स्थानीय तहले निर्धारण गरे बमोजिम हुने र पालिकाले नियमन तथा संकलन गरी चालिस प्रतिशत प्रदेश सञ्चित कोषमा दाखिला गनुपर्ने ब्यवस्था छ । आर्थिक वर्ष २०७७।७८ मा पालिकाले यस्ता प्रकारका कुनै पनि कर संकल नगरेको नपाईएकोले आफ्नो क्षेत्र भित्रवाट उठ्नु पर्ने बिज्ञापन कर एकिन गरि असुल गर्नु पर्दछ।	
८९			सम्परीक्षण	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरूजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ । सोही एनको दफा ८४(२)(घ) मा बेरूजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । सो व्यवस्था अन्तरगत नगरपालिकाले यस वर्ष देहाय बमोजिम रू ४९०१८२६ फर्छयौट गरी बेरूजू समपरीक्षणको लागि अनुरोध गरेकोमा रु. ९७९९४१ बेरूजू सम्परीक्षण गरिएको र बाँकी देखिएको रु.३९२१८८५ लेखापरीक्षण प्रतिबेदनले उल्लेख गरेबमोजिम भै नआएकोले सम्परीक्षण भएन। सम्परीक्षणबाट उल्लेखनीय बेरुजु देखिएको छैन । यस वर्ष फछ्र्यौट भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ । यस वर्ष फछ्र्यौट भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ ।

सि.नं.	आ.व.	वेरुजु दफा नं.	वेरुजुको संक्षिप्त व्यहोरा	फछ्र्यौटको आधार				सम्परीक्षण
				असुली	प्रमाण	नियमित	पेश्की	
1.	**2076/ 77**	18	पदाधिकारीहरुको दोहोरो यातायात सुविधा	336000				दाखिला भएको प्रमाण पेश।
2.	2076/ 77	27	अग्रीम कर कट्टी नगरेको।	22200				"
3.	2076/ 77	31	विषयगत समितिको बढी बैठक भत्ता भुक्तानी	20400				"
4.	2076/ 77	32	बढी प्रशिक्षक भत्ता भुक्तानी।	26022				"
5.	2076/ 77	37	विद्यालयहरुलाई बढी निकासा।	112325				"
6.	2076/ 77	35	पारीश्रमिक कर कट्टी नभएको।	3825				"
7.	2076/ 77	36	विद्यालयहरुलाई बढी निकासा।	173169				"
8.	2076/ 77	33	घाँस वितरणको भरपाई पेश नभएको।		286000			घाँस वितरणको भरपाई पेश भएको।
			जम्मा	693941	286000			
			कुल जम्मा	**979941**				

यस पालिकाको २०७७।७८ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ

रु.हजारमा

गत वर्षसम्मको	यो वर्ष संपरीक्षण	यो वर्ष	संपरीक्षणबाट	अध्याविधक बाँकी बेरुजू

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

बाँकी बेरुजू (A)	गरिएको बेरुजू(B)	कायम बेरुजू(C)	कायम बेरुजू(D)	(E=A-B+C+D)
11772	9८०	२४७४6	0	35५३८

लेखापरिक्षणमा संलग्न कर्मचारीहरुको विवरण

सि.नं.	**कर्मचारी को नाम**	**पद**	**सही**
1.	नारायण प्रसाद अधिकारी	निर्देशक	
2.	अर्जुन कुमार चौधरी	लेखापरीक्षण अधिकारी	
3.	शुक्रराज तामाङ्ग	लेखापरीक्षण अधिकारी	